# बुढीनन्दा नगरपालिका, बाजुरा जिल्लाको

# को

# राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यक्रम

# विषय सूची


परिच्छेद एक : परिचय १

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरु ३

१.४ अपेक्षित परिणाम ४

१.५ राजस्व सुधार कार्ययोजना तर्जूमा विधी र प्रक्रिया ४

१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरु ९

परिच्छेद दुई: गाउँ/नगरपालिकाको संक्षिप्त परिचय १०

२.१ बूढीनन्दा नगरपालिकाको संक्षिप्त परिचय १०

२.२ बूढीनन्दा नगरपालिकाको मानव संसाधनको अवस्था १७

२.३ बूढीनन्दा नगरपालिकाकाको भौतिक सम्पत्तिको अवस्था १७

परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता १८

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानूनी व्यवस्था १८

३.१.१ संवैधानिक व्यवस्था १८

३.१.२ कानुनी व्यवस्था १९

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था: २५

३.३ आन्तरिक राजस्व संकलनको प्रमूख क्षेत्र र सम्भावना विश्लेषण २६

३.३.१ कर राजस्व २८

३.३.२ गैरकर राजस्व ३७

परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता र संकलन अवस्था ५१

४.१ राजस्व परिचालन सम्बन्धि संस्थागत संरचना ५१

४.१.१ राजस्व परामर्श समिति ५१

४.१.२ नगरपालिकाको राजस्व प्रशासन: ५२

४.२ राजस्व परिचालन सम्बन्धि नीति ५२

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन: ५६

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ५६

परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना ६१

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ६१
५.१.१ राजस्व सुधार कार्ययोजना ६३

परिच्छेद छ: अपेक्षित आय ६९
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ७०
६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ७२

परिच्छेद सात: अनुगमन तथा मूल्याङ्कन ७९

अनूसुचीहरू ८१
अनूसुची १: सन्दर्भ सामग्रीहरूको सुची ८२
अनूसुची २: राजस्व सुधार कार्ययोजनाका सुचकहरु ८५
अनुसूची ३: विषयगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम ९०
अनुसूची ४: वस्तूगत विश्लेषणसँग सम्बन्धित तथ्याङ्क संकलनको नमुना फाराम ९७
अनुसूची ५: आय प्रक्षेपणको ढाँचा १०७

## तालिका सूची


तालिका १: नगरपालिकाको वडा अनूसारको कुल क्षेत्रफल विभाजन ११
तालिका २: बूढीनन्दा नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण १२
तालिका ३: बुढीनन्दा नगरपालिकको पेशागत विवरण १३
तालिका ४: बूढीनन्दा नगरपालिकाको मानव संसाधनको अवस्था १७
तालिका ५: तहगत राजस्व अधिकार १८
तालिका ६: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था २०
तालिका ७: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा) २३
तालिका ८: कर राजस्वको बाँडफाँड सम्बन्धी व्यवस्था (प्रतिशतमा) २४
तालिका ९: विगत तीन वर्षको आन्तरिक स्रोतको अवस्था २५
तालिका १०: पालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २६
तालिका ११: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २९
तालिका १२: घरजग्गा बहाल करको सम्भाव्यता विवरण ३२
तालिका १३: व्यवसाय सम्बन्धी विवरण ३३
तालिका १४: कृषि तथा पशूजन्य वस्तूको व्यवसायिक कारोवारमा लाग्ने कर सम्बन्धी विवरण ३५
तालिका १५: जडीबूटी, कवाडी र जीवजन्तूको व्यवसायिक उपयोग कर विवरण ३६
तालिका १६: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण ४२
तालिका १७: व्यक्तिगत घटना दर्ता (बिलम्ब) शूल्क सम्बन्धी विवरण ४३
तालिका १८: पार्किङ शूल्क सम्बन्धी विवरण ४५
तालिका १९: अन्य दस्तूर (दर्ता, अनूमति, इजाजत आदि) सम्बन्धी विवरण ४६
तालिका २०: नगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा ४९
तालिका २१: राजस्व परामर्श समितिको विवरण ५१
तालिका २२: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ५२
तालिका २३: बिगतको आन्तरिक आय संकलनको अवस्था ५६
तालिका २४: राजस्व परिचालनको वर्तमान अवस्था ५७
तालिका २५: राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति ६१
तालिका २६: राजस्व सूधार कार्ययोजना ६३
तालिका २७: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ६९
तालिका २८: आगामी आ.व.हरुका लागी राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा) ७०
तालिका २९: चालू आ.व.को अनूमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ७३
तालिका ३०: अनूगमन तालिका ८०

## चित्र सूची

चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी अवलम्बन गरिएका चरणहरु ४
चित्र २: बूढीनन्दा नगरपालिकाको अवस्थिती नक्शा ११

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरुको सङ्घीय संरचनालाई अवलम्वन गरेको छ । संविधानले स्थानीय तहहरुमा कुशल र प्रभावकारी सेवाहरु प्रदान गर्न सवल स्थानीय तहहरुको परिकल्पना गरेको छ। यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागी सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय कवित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ। नेपालको संविधान (भाग १९, अनुसूचि ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरि कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरुले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर संकलनका आधारभुत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ। त्यसैगरि स्थानीय सरकार संचालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय सरकारलाई विभिन्न किसिमका राजस्वको श्रोत, संभाव्य राजस्वको पहिचान, संकलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरि स्थानीय तहको उद्देश्य भनेको स्थानीय सरकारलाई वित्तीय रुपमा सवल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

स्थानीय निकायहरुले आफूलाई तोकेको कार्य र जिम्मेवारी पुरा गर्नको लागी वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ। वर्तमान अवस्थासम्म अधिकांश स्थानीय निकायहरु सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ । स्थानीय तहहरुलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरु करको संभाव्यता पहिचान गर्न, कर सम्बन्धि डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन ।

संविधान र कानूनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय सरकारहरु प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय सरकारको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज

गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागी स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा कानून सम्मत ढगंले बृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागी स्थानीय तहहरुसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्नको लागी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा राष्ट्रव्यापी रुपमा संचालित राजस्व सुधार कार्ययोजना सम्बन्धि कार्यक्रमले प्रदेश तथा स्थानीय शासन पद्धतिलाई दिगो, समावेशी र जवाफदेही बनाउने लक्ष्य लिएको छ । यस कार्यक्रम अन्तर्गत संचालन हुने गतिविधिहरु प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नेतिर लक्षित रहेका छन । साथै, प्रदेश तथा स्थानीय सरकारहरुको संस्थागत क्षमता अभिवृद्धिमा पनि यस कार्यक्रमले सहयोग पुर्‍याउने प्रावधान रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय वीच सम्झौता भइ प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । यसै सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाहरुको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागी राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न प्रादेशिक सुशासन केन्द्र, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय र क्युव-पाथवे-भूगोल जेभीको प्राविधिक सहयोगमा बुढीनन्दा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्य अगाडि बढाईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधानले नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । देशमा सङ्घियता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरुलाई पनि आफैंले राजस्व संकलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय सरकारलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरुका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेछिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाँउदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरु हुनसक्छन जस्तै सङ्घिय संरचनाको अभ्यास नयाँ हुनु, आयका श्रोतहरुको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरुमा नहुनु, स्थानीय तहहरुसँग रहेका संभाव्य श्रोतहरुका बारेमा तथ्यांक नहुनु, राजस्व संकलन र त्यसको बाँडफाँड बारेमा जनतालाई बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा बृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

स्थानीय तहहरुको राजस्व सम्बन्धि वर्तमान स्थितिको विश्लेषण गरि राजस्व सुधारका लागी गर्नुपर्ने कार्यहरुको पहिचान गर्न र सोका आधारमा आगामी तीन वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागी सुदुरपश्चिम प्रदेश अन्तर्गतको प्रादेशिक सुशासन केन्द्रको चालु आ. व. २०७८/०७९को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बुढीनन्दा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्यहरु

यस कार्यक्रमको समग्र उद्देश्य पालिकाहरुको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र व्यवहारिक तथा प्रभावकारी राजस्व प्रणालीको विकास गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागी देहाय अनुसारका सहायक उद्देश्यहरु निर्धारण गरिएको छ :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानीय तहमा शीर्षकगत रुपमा सम्भावित कर/गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- स्थानीय तहमा राजस्वका विभिन्न श्रोतहरुको लेखाजोखा (यथार्थ असुली सहित) गर्ने र बृद्धिका संभावनाहरु पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना संकलन तथा बिलिंग पद्दति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्य कुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहका आन्तरिक आय बृद्धिका संभावनाहरु पहिचान गरि आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना तयार गर्ने ।
- राजस्व सुधारका नयाँ संभावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने भावी रणनीति सहित आगामी ३ आर्थिक वर्षका लागी कार्य योजना (२०७९/०८०-२०८१/०८२) सहित राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक बर्षमा गर्नु पर्ने सुधारका लागी सुझाव सहित नमुना तयार गर्ने ।

## १.४ अपेक्षित परिणाम

स्थानीय तहहरुलाई वित्तीय रुपमा सवल बनाउने र खर्च व्यवस्थापन गर्न सक्षम बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजस्व सुधार कार्ययोजना निर्माण गर्नु मुख्य अपेक्षित परिणाम हुनेछ साथै यस कार्ययोजना मार्फत तल उल्लेखित कुराहरु प्राप्त हुनेछन:

- सम्बन्धित स्थानीय तहहरुका जनप्रतिनिधीहरु, कर्मचारी सवैले राजस्व सुधार सम्बन्धी अभिमुखीकरण प्राप्त गरी आन्तरिक आय तथा कर सम्बन्धी विषयमा आवश्यक जानकारी हासिल गरेका हुनेछन् ।
- सहभागितामूलक विधिद्वारा तोकिएका स्थानीय तहको सूचना र तथ्याङ्कमा आधारित कार्यान्वयन योग्य राजस्व सुधार कार्ययोजना तयार भएको हुनेछ ।
- आन्तरीक आयका नयाँ सम्भावनाहरुको पहिचान भई सो समेत समावेश भएको राजस्व सुधार योजनाको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा बृद्धि भएको हुनेछ ।
- नमुना आर्थिक ऐन आगामी आर्थिक बर्षबाट यथार्थतामा कार्यान्वयनमा आएको हुनेछ ।

## १.६ राजस्व सुधार कार्ययोजना तर्जूमा विधी र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी अवलम्बन गरिएका विधि तथा चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र २) ।




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी अवलम्बन गरिएका चरणहरु

**पहिलो चरणः सन्दर्भ सामाग्री संकलन तथा समीक्षा**

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामाग्रीहरुको संकलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागी पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जसमध्ये नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामाग्रीहरुमा सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यसै क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामाग्रीहरू अनुसूची १ मा दिइएको छ ।

**दोस्रो चरणः फिल्ड सर्भे पूर्व तयारी छलफल**

पालिकामा कार्ययोजना तर्जुमाका लागि आवश्यक तथ्याङ्क/सूचना संकलन गर्न जानु भन्दा पहिले प्रदेश सुशासन केन्द्र डोटीमा मिति २०७९ जेष्ठ १३ मा एक दिबसीय छलफल कार्यक्रम राखिएको थियो । उक्त छलफल कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीबाट तयार पारिएको प्रश्नावली तथा चेकलिष्टका बारेमा विस्तृत छलफल भयो र उक्त छलफलमा प्रदेश सुशासन केन्द्रका तर्फबाट दिनुभएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिष्टलाई अन्तिम रुप दिइएको थियो । उक्त कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीका तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धि सैद्धान्तिक र व्यवहारिक पक्षहरूको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो र उक्त प्रस्तुतिकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गर्नु भएको थियो ।

**तेस्रो चरणः अभिमुखीकरण कार्यशाला**

पालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धि काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्ध मिति मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

**चौथो चरणः तथ्याङ्क/सूचना संकलन**

कार्ययोजना तर्जुमा सम्बन्धि कार्यका लागी संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागी स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानूनहरु, प्रगति विवरणहरु तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण

प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरु आदिबाट पनि आवश्यक सूचना र तथ्यांक प्राप्त गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु संकलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु संकलन गरिएको थियो ।

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धि विवरण
- राजस्व परिचालनका लागी अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तिमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धि तथ्यांक तथा सूचना
- राजस्व सुधारका लागी गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दा र असंगतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरि सकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागी आवश्यक तथ्याङ्क अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागी आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार संकलन गरिएको थियो ।

**पाँचौ चरणः सूचना/तथ्याङ्कको विश्लेषण**

राजस्व सुधार कार्ययोजनाको लागी आवश्यक सूचना/तथ्याङ्क संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिने छ । सूचना विश्लेषणको लागी तथ्याङ्कीय विधि तथा गुणात्मक विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याइने छ। राजस्व सम्वन्धि नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागी गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको थियो भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको थियो ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको थियो । यसरी तयार गरिने प्रक्षेपणले बुढीनन्दा गाउँपालिकाको बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ। यसैगरी बुढीनन्दा गाउंपालिकाको विगतको आयको बृद्धिदरको विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको

आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरि गरिएको थियो ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ,

CAGR =औसत वार्षिक बृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण **अनुसूची ४** अनुसार गरिने छ ।

**छैठौं चरणः मस्यौदा कार्ययोजना तयारी**

स्थलगत अध्ययनबाट आएका तथ्याङ्क तथा सूचनाहरूलाई परिमाणात्मक तथा गुणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा तयार गरिएको छ । लेखनको कार्य सकेसम्म भाषागत विज्ञता भएका व्यक्तिले गर्दा राम्रो हुने हुँदा लेखनको जिम्मेवारी कसले लिने हो पूर्व तयारी चरणमै निश्चित गरिएको थियो । प्रतिवेदनको विषय सूची निम्न अनुसार छ ।

**परिच्छेद – एक : परिचय**

१.१ पृष्ठभूमी

१.२ राजस्व सुधार योजनाको औचित्य

१.३ योजनाले राखेका उद्देश्यहरु

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

१.५ योजनाका सीमाहरु

**परिच्छेद – दुई : गाउँ/नगरपालिकाको संक्षिप्त परिचय**

२.१ गाउँ/नगरपालिकाको संक्षिप्त परिचय

२.२ गाउँ/नगरपालिकाको मानव संसाधनको अवस्था

२.३ गाउँ/नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

**परिच्छेद – तीन : स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानुनी व्यवस्था

३.२ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था
३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण
३.३.१ स्थानीय कर राजस्व
३.३.२ गैर कर राजस्व

**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**
४.१ राजस्व परिचालन सम्बन्धी नीति
४.२ आय संकलनको संस्थागत क्षमता
४.३ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालन
४.४ राजस्व परिचालनमा रहेका सवालहरू

**परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना**
५.१ गाउँ/नगरपालिकाको राजस्व सुधार कार्ययोजना

**परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण
६.२ गाउँ/नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

**परिच्छेद – सातः अपेक्षित नतिजा**

**परिच्छेद – आठः अनुगमन तथा मूल्यांकन**

**कअनुसूचीहरुः**
अनुसूची १ः तथ्याङ्क संकलन सूची
अनुसूची २ः विषयगत विश्लेषणको नमूना फाराम
अनुसूची ३ः वस्तुगत विश्लेषणको नमूना फाराम
अनुसूची ४ः आय प्रक्षेपणको ढाँचा

**सातौं चरणः मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइने छ । यसका लागी परामर्श कार्यशाला/बैठकको आयोजन गरिने छ । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्ने छ ।

**आठौ चरणः अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती**

मस्यौदा प्रतिवेदन प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिने छ । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बीचमा प्रस्तुतिकरण गरिने छ । दिइएका सुझावहरुको यथोचित सम्बोधन गरि प्रतिवेदनलाई अन्तिम रुप दिइने छ र स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराइने छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरु

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

यस राजस्व सुधार कार्ययोजना नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको छलफल, गोष्ठि, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो ।

- सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रुपमा बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा स्थानीय तहबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।
- राजस्व प्रक्षेपणको लागी स्थानीय तहले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागले विभिन्न सर्वेक्षण मार्फत उपलब्ध गराएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।
- वार्षिक रुपमा अनुगमन मुल्यांकन पश्चात राजस्व सुधार कार्ययोजनामा परिमार्जन गर्न सकिने छ ।

# परिच्छेद दुई: गाउँ/नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मानव संशासन, साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत अवस्थालाई चित्रण गरिएको छ।

## २.१ बूढीनन्दा नगरपालिकाको संक्षिप्त परिचय

**नामाकरण:**

हालको बुढीनन्दा नगरपालिका साविकको कोल्टी, कोटिला, पाण्डुसैन गा.वि.स. का सबै वडाहरु, बाँधु गा.वि.स.का ८ र ९ वडाहरु र जगन्नाथ गाविसको वडा नं. ९ लाई मिलाएर बनेको छ। वडा नं. ४ मा अवस्थित बुढीनन्दाको मन्दिरका नामबाट यस नगरपालिकाको नामाकरण भएको देखिन्छ।

**अवस्थिति:**

बुढीनन्दा नगरपालिका प्रदेश नं. ७ अन्तर्गत बाजुरा जिल्लाको सदरमुकाममा अवस्थित रहेको रहेको छ। यस नगरपालिका समुन्द्री सतहको १३०० मिटरदेखि ५००० मिटरसम्मको उचाइमा रहेको छ। भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री २२ मिनेट ४० सेकेन्ड उत्तरदेखि २९ डिग्री ३९ मिनेट ४० सेकेन्ड उत्तरी अक्षांश र ८१ डिग्री ३२ मिनेट २० सेकेन्ड पूर्वदेखि ८१ डिग्री ४३ मिनेट २० सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ। उच्च पहाडी तथा हिमाली जलवायु रहेको यो गाउँपालिकाको पूर्व र उत्तरमा हिमाली नगरपालिका, पश्चिममा गौमुल नगरपालिका र बडिमालिका नगरपालिका तथा दक्षिणमा पाण्डवगुफा नगरपालिकासँग सिमाना जोडिएको छ। जिल्लाको कुल क्षेत्रफलको १०.६२ प्रतिशत भूभाग क्षेत्रफल ओगटेको यस नगरपालिकाको कूल क्षेत्रफल २३२.४८ वर्ग किमी रहेको छ। नगरपालिकाको अवस्थिति नक्शा चित्र नं. १ मा प्रस्तुत गरिएको छ।




चित्र २: बूढीनन्दा नगरपालिकाको अवस्थिती नक्शा

### नगरपालिकाको कूल क्षेत्रफल तथा वडागत विभाजन

बुढीनन्दा नगरपालिकालाई जम्मा १० वटा वडाहरूमा विभाजन गरिएको छ । नगर वस्तुगत विवरण २०७५ का अनुसार जम्मा २३२.४८ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस नगरपालिकाका वडाहरूको क्षेत्रफल विविध प्रकारहेका रहेको छ। जसलाई वडागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १: नगरपालिकाको वडा अनूसारको कुल क्षेत्रफल विभाजन

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी. मा) | प्रतिशत |
|---|---|---|
| १ | २३.०४ | ९.९१ |
| २ | ५.०९ | २.१९ |
| ३ | ३८.९२ | १६.७४ |
| ४ | १०१.८४ | ४३.८० |
| ५ | ७.०० | ३.०१ |
| ६ | १३.७२ | ५.९० |
| ७ | २४.६५ | १०.६० |
| ८ | ८.२२ | ३.५४ |
| ९ | ७.१६ | ३.०८ |
| १० | २.८५ | १.२३ |
| **जम्मा** | २३२.४८ | १००.०० |

## बुढीनन्दा नगरपालिकाको जनसाङ्ख्यिक विवरण

बुढीनन्दा नगरपालिकाको जनसंख्यालाई हेर्दा घरधुरी सर्वेक्षण २०७२ अनुसार यस नगरपालिकाको घरधुरी संख्या ३४५२ र कुल जनसंख्या १८७७६ जसमा महिला ८४२५ र पुरुष ९३५१ रहेका छन्। राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाको जनसंख्या १८७७६ रहेको छ। घरपरिवार सर्भेक्षण २०७५ अनुसार नगरपालिकाको जनसंख्या २११६६ रहेको छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ३ मा ३०९६ रहेको छ भने सबैभन्दा न्यून वडा नं. २ मा १४६६ रहेको देखिन्छ । जस अनुसार हालको औसत घरपरिवारको आकार ६.०२ र लैंगिक अनुपात १०९.४ रहेको छ। जनगणना २०६८ र हालको सर्भेक्षण अनुसार जनसंख्याको अवस्थालाई वडागत विवरण देहाय बमोजिम रहेको छ। यस नगरपालिकाको वडागत जनसांख्यिक अवस्थालाई वडागत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २: बूढीनन्दा नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण

| वडा नं. | जनगणना २०६८ | | | | घरपरिवार सर्भेक्षण २०७५ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
| १ | ५३२ | १३४९ | ११८८ | २५३७ | ५३९ | १४३३ | १५१२ | २९४५ |
| २ | ३४५ | ७८४ | ८०८ | १५९२ | २५५ | ७११ | ७५५ | १४६६ |
| ३ | ४७८ | १३१५ | १३९३ | २७०८ | ५३४ | १४२५ | १६७१ | ३०९६ |
| ४ | २९९ | ९७२ | ९९२ | १९६४ | २७१ | ८५६ | ९४८ | १८०४ |
| ५ | ३०३ | ८५४ | ८१६ | १६७० | ३२७ | ८९० | १०४१ | १९३१ |
| ६ | ३११ | ७९६ | ७५८ | १५५४ | ३१९ | ९५५ | १०१२ | १९६७ |
| ७ | ३७६ | १०८१ | १०७१ | २१५२ | ४४२ | १२९६ | १३९८ | २६९४ |
| ८ | २४९ | ७६१ | ७७६ | १५३७ | २६८ | ८३७ | ८७५ | १७१२ |
| ९ | २६६ | ७३० | ७४५ | १४७५ | २७८ | ८४५ | ९०५ | १७५० |
| १० | २९३ | ७८३ | ८०४ | १५८७ | २८५ | ८६४ | ९३७ | १८०१ |
| **जम्मा** | **३४५२** | **९४२५** | **९३५१** | **१८७७६** | **३५१८** | **१०११२** | **११०५४** | **२११६६** |

### पेशागत विवरण :

बुढीनन्दा नगरपालिकामा अवलम्बन गरिएको पेशा मध्ये सबैभन्दा बढी कृषि तथा पशुपालन कार्यमा ९३२१, नोकरी जागिरमा ९५८ जना, उद्योग व्यापारमा ९८ जना तथा व्यवसायिक कार्यमा ९० जना रहेको देखिन्छ। पेशा अनुसार वडागत जनसंख्या सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

तालिका ३: बुढीनन्दा नगरपालिकको पेशागत विवरण

| क्र.सं. | विवरण | परिवार संख्या |
|---|---|---|
| १ | कृषि तथा पशुपालन | ९३२१ |
| २ | नोकरी जागिर | ९५८ |
| ३ | उद्योग व्यापार | ९८ |
| ४ | ज्याला मजदुरी | ४४ |
| ५ | व्यवसायिक कार्यहरु | ९० |
| ६ | वैदेशिक रोजगारी | ३५९ |
| ७ | विद्यार्थी | ४९०४ |
| ८ | गृहिणी | २० |
| ९ | वेरोजगार | १४ |
| १० | कम उमेर | ५०५८ |
| ११ | अन्य | १९ |

स्रोत : नगर वस्तुगत विवरण २०७५

**पर्यटन (प्रशिद्ध स्थलहरू):**

बुढीनन्दा नगरपालिका पर्यटन तथा यहाँ रहेका धार्मिक, साँस्कृतिक, ऐतिहासिक धरोहरुका हिसावले प्रचुर सम्भावना बोकेको नगरपालिका हो। यस नगरपालिकामा ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरू मध्ये धार्मिक रुपले प्रसिद्ध पादुका त्रिवेणी, तलोगोठ देवता, कैलाश माण्डौं, रिगी छहरा, सागरकोट मन्दिर, रान, दानुवा भाडु र मालिका रहेका छन् भने ऐतिहासिक स्थलमा बुढीनन्दा रहेको छ। त्यसैगरी ऐतिहासिक स्थलको रुपमा रहेको बडीमालिका मन्दिर यहाँको प्रसिछ ऐतिहासिक स्थल हो । साँस्कृतिक रुपमा बढीनन्दालाई यहाँको मुख्य स्थानको रुपमा लिन सकिन्छ । उक्त पर्यटकीय स्थलहरुमध्ये पादुका त्रिवेणी र बढीमालिका मन्दिरसम्म मात्र सडकको पहुँच पुगेको छ। पादुका त्रिवेणीमा वार्षिक २० हजारभन्दा बढी पर्यटकहरु आउने जाने गर्दछन भने अरु स्थानमा सडकको पहुँच नपुगेको हुनाले त्यति पर्यटकहरु आउन जान सकेको देखिँदैन । यस्ता धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका ठाउँहरुको उचित प्रचारप्रसार, संरक्षण र सम्वर्द्धन गर्न सकेको खण्डमा यो नगरपालिकामा पर्यटनको लागि अथाह सम्भावना रहेको छ।

**सिंचाईः**

ठुला खोलादेखि साना खोल्साखोल्सीहरुको प्रचुरता रहेको हुनाले यो नगरपालिका सिंचाइका हिसावले सम्पन्न रहेको छ । यस क्षेत्रमा वर्षैभरी र मौसमी  गरी ३९ वटा सिंचाइ  पूर्वाधारबाट  करिब ५७८ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको देखिन्छ । यस्तो सुविधाबाट ६२०० घरपरिवार लाभान्वित रहेका छन् । वर्षेभरि सिंचाइहुने ठुला कुलाहरु मध्ये लिगुडेखोला देउमाढु सिंचाइकुलो, विहानी जैलेसी सिंचाइ कुलो, पाँचेकराजु सिचाइ कुलो र पारिवगर सिंचाइ कुलोले क्रमशः १००, १०१, ५२ र १०० हेक्टर जमिन बाहै महिना सिंचित भइरहेको छ । त्यसैगरी मौसमी कुलामा कालापानी सिंचाई कुलो, वारुबा सिंचाई कुलो, स्याउले भेला सिंचाई कुलो कालोगाड सिंचाई कुलो

जस्ता अन्य कुलाहरु रहेका छन् ।

**यातायात पहुँच :**

नगर वस्तुगत विवरण २०७५ का अनुसार नगरपालिका क्षेत्रभित्र करिब १७ किमि लामो सडक रहेको र सबैतर्फ कच्ची अवस्थाको सडक रहेको छ । यस नगरपालिकाका सवै वडामा सडक सञ्जालले छुन सकेको छैन् । वडा नं. ७ मा कुल ३ कि.मि. वडा नं. ८ मा ४ कि.मि., वडा नं. ९ मा ८ कि.मि. र १० मा २ कि.मि. कच्ची सडक गरी जम्मा १७ कि.मि. सडक यो नगरपालिकामा रहेको छ । स्थायी सवारी साधनको रुपमा जीप, ट्रया क्टर र मोटरसाइकल सञ्चालन हुने गरेको छ ।

**उद्यम, व्यापार, व्यवसायः**

नगर वस्तुगत विवरण २०७५ का अनुसार यस नगरपालिकाभित्र सञ्चालनमा रहेका ७ वटा उद्योगहरू मध्ये १ साना, १ घरेलु र ५ वटा लघु उद्योग रहेका छन् । शम्भु चाउमिन उद्योग, पुष्पा फर्निचर उद्योग, दिपेश फर्निचर उद्योग, महतारा ग्रिल उद्योग, सिस्नु पाउडर उद्योग, हिमाली फर्निचर उद्योग र बुद्ध हातेकागज उद्योग यो नगरपालिकाभित्र सञ्चालमा रहेका उद्योगहरु हुन भने व्यापार र व्यवसायको संख्या हेर्दा यस क्षेत्रमा साना ठूला गरी ३२० वटा व्यवसायहरू सञ्चालनमा रहेका छन् । जसबाट करिब ३ करोड ७२ लाखको वार्षिक कारोबार हुने गरेको देखिन्छ । यस नगरपालिकाभित्र रहेका व्यापार व्यवसायमा किराना १२१, कपडा तथा फेन्सी ४५, मासुपसल ३, तरकारी तथा फलफूल ५, निर्माण सामग्री ८, औषधि पसल वा क्लिनिक ३, मर्मतसेवा केन्द्र १५, इलेक्ट्रिकल तथा इलोक्ट्रोनिक्स पसल १४, रेष्टिरेन्ट ३, चिया, खाजा तथा नास्ता पसल १००, कस्मेटिक तथा व्युटिपार्लर ३ गरी जम्मा ३२० वटा रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरुः**

नगर वस्तुगत विवरण २०७५ का अनुसार यस नगरपालिका क्षेत्रभित्र कोल्टी र दानसागु बजार गरी जम्मा रहेका २ वटा स्थानीय बजार एवं व्यापारिक केन्द्रहरू रहेका छन् जसमा खाद्यान्न, खुद्रा, भाँडा, हार्डवयरका सामग्री, कपडा, स्टेशनरी तथा मासु लगायतका वस्तुहरूको कारोबार हुने गरेको पाइन्छ । स्थानीय बजार तथा त्यस बजारमा कारोबार हुने मुख्य वस्तुहरू मध्ये यहाँबाट सबैभन्दा बढी निर्यात हुने वस्तुमा जडिबुटीको मात्रा रहेको छ भने मर्क र आलु पनि यस नगरपालिकाबाट निर्यात हुने गरेको छ । त्यसैगरी आयात हुने मुख्य वस्तुमा धानचामल, गहुँ वा पिठो एवम् मासको दाल मुख्य गरी आयात हुने गरेको देखिन्छ ।

**उर्जा/विद्युत सुविधा :**

घरपरिवार सर्भेक्षण २०७५ अनुसार नगरपालिकामा सबैभन्दा बढी ९९.६९ प्रतिशत घरपरिवारले दाउरालाई खाना पकाउने मुख्य इन्धनको रुपमा उपयोग गर्ने गर्दछन्। यस बाहेकका अन्य इन्धनको उपयोग हेर्दा ०.१४ प्रतिशत घरपरिवारमा एल पि ग्याँस र ०.११ प्रतिशत रिवारमा अन्य स्रोत उपयोग हुने गरेको देखिन्छ। नगरपालिका क्षेत्रमा बत्ती बाल्ने प्रयोजनका लागि विद्युत्को उपयोग मुख्य देखिएको छ। कुल ८५.९३ प्रतिशत घरधुरीमा विद्युत्को उपयोग भैरहेको छ भने अन्य इन्धनको रुपमा सोलारको प्रयोगकर्ता घरधुरी ११.०९ प्रतिशत, मट्टिटेल ०.२६ प्रतिशत, वायोग्यास ०.०३ प्रतिशत र अन्यमा २.७० प्रतिशत घरधुरी रहेका छन्। नगरपालिकाको विभिन्न स्थानहरूमा ९ वटा लघु जलविद्युत् आयोजनाहरूबाट करिब ३४७ किलोवाट बराबर क्षमताको विद्युत् उत्पादन हुने गरेको देखिन्छ। तैपनि नगरपालिकाको १४.०७ प्रतिशत घरधुरीले अन्य उज्यालोको लागि विद्युत बाहेक अन्य स्रोतहरुको सहारा लिनु परिरहेको अवस्था रहेको छ।

**संञ्चार सुविधाः**

नगर वस्तुगत विवरण २०७५ का अनुसार यस नगरपालिकामा उपलब्ध सेवा सुविधा हेर्दा ८२.८० प्रतिशत घरधुरीले मोवाइल, ३९.२८ प्रतिशत घरपरिवारले रेडियो, ६.९९ प्रतिशतले टेलिभिजन, १.४५ प्रतिशत घरपरिवारले कम्प्युटर, र ०.१७ प्रतिशत घरधुरीले इन्टरनेटको सुविधा लिइरहेका चन्।

**खानेपानी तथा सरसफाईः**

नगर वस्तुगत विवरण २०७५ अनुसार बुढीनन्दा नगरपालिका क्षेत्रमा रहेका कुल ३५१८ घरपरिवारमध्ये सबैभन्दा उच्च ३२२७ (९१.७३ प्रतिशत) घरपरिवारले सार्वजनिक धाराको पानी उपयोग गर्दछन्। घरमै धाराको पानी उपभोग गर्ने घरपरिवार १४८ रहेका छन्। त्यसैगरी मूलको पानी उपयोग गर्ने १३२ (३.७५%), नदीखोलाको पानी उपयोग गर्ने घरधुरी संख्या ९ (०.२६%) र अन्य स्रोतको उपयोग गर्ने २ (०.०६%) घरपरिवार रहेका छन्।

**भवन तथा आवास :**

नगर वस्तुगत विवरण २०७५ का अनुसार यस नगरपालिकामा कुनै पनि घर मापदण्ड अनुसार बनेको देखिँदैन। यस नगरपालिका क्षेत्रमा रहेका घरहरू जगको आधारमा हेर्दा ९९.३२ प्रतिशत घरको जग ढुङ्गा, इँटा र माटो प्रयोग भएको देखिएको छ भने ०.४५ प्रतिशत घरमा सिमेण्ट वा ढुंगाको प्रयोग भएको छ भने अन्य तरिकाले घरको जग हाल्ने घरधुरी ०.२३ प्रतिशत अर्थात ८ घुरधुरी संख्या रहेका छन्। त्यसैगरी घरहरूलाई छानाको प्रकारका आधारमा हेर्दा सबैभन्दा उच्च संख्यामा ४३.०६ प्रतिशत घरपरिवार ढुंगाको छानो भएको घर रहेका छन्। त्यसैगरी जस्ता वा च्यादरले छाएका घरधुरी ७१५ (२०.३२%), फुस वा खरले छाएको घरधुरी ६७६ (१९.२२%), काठको

छान भएको घरहरु २१९ (६.२३%), माटोको छाना भएका घरधुरी २२४ (६.३७ % आरसिसि छाना भएको घरहरु ६१(१.७३%) र अन्य १०८ (३.०७%) रहेका छन् ।

**शिक्षाः**

नगर वस्तुगत विववरण २०७५ का अनुसार यस बुढीनन्दा नगरपालिकामा कुल शैक्षिक संस्थाहरुको संख्या आभारभुत ३० र माध्यमिक ४ गरी जम्मा ३४ रहेको छ । कुल ३४ वटा विद्यालयहरूमा जम्मा ९९ स्वीकृत शिक्षक दरबन्दी रहेकोमा १६७ शिक्षक र ८१ शिक्षिका कार्यरत रहेका छन् । त्यसैगरी यस नगरपालिकाभित्र एक सामुदायिक अध्ययन केन्द्र र ७ वटा वालविकास केन्द्रहरु पनि रहेका छन् ।

**स्वास्थ्य :**

बुढीनन्दा नगरपालिकामा जम्मा ९ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । यी ९ वटा स्वास्थ्यसंस्थाहरुमा २ वटा सामुदायिक स्वास्थ्य केन्द्र, १ आयुर्वेदिक औषधालय र ६ वटा स्वास्थ्य चौकी रहेका छन् । यी ९ वटा स्वास्थ्य संस्थाहरूमा कुल ४८ स्वास्थ्यकर्मीको स्वीकृत दरबन्दी रहेकोमा जम्मा ५८ जना कार्यरत रहेको देखिन्छ । यस नगरपालिकाको मुख्य स्वास्थ्य समस्या भनेको क्रमशः झाडापखाला, ग्यास्टिक/अल्सर, दम र प्रसुति समस्याहरु रहेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारीः**

यस नगरपालिकामा एउटा वाणिज्य बैंकको शाखा, एउटा लघुवित्त संस्था र ५ वटा सहकारी संस्थाहरु रहेका छन् । बैंकमा राष्ट्रिय वाणिज बैंक, लघुवित्तमा किसान माइक्रोफाइनेन्स वित्तीय संस्था र सहकारीहरुमा मिलिजुली सहकारी तथा वचन संस्था लिमिटेड, जसुदा बचत तथा ऋण सहकारी संस्था लि., सत्यसाई वचत तथा ऋण सहकारी संस्था लि., कालिका सहकारी संस्था लि. र नवजीवन बहुउद्देश्यीय सहकारी संस्था लि. रहेका छन् ।

**फोहरमैला व्यवस्थापनः**

यस नगरपालिकाले ढलको व्यवस्था गरेको छैन । ढलको व्यवस्था नभए तापनि यस नगरपालिकाभित्र जम्मा जम्मी ३ वटा सार्वजनिक शौचालयको व्यवस्था भने रहेको छ । सार्वजनिक शौचालय भएका स्थान वडा नं. ७ को कर्केलान, वडा नं. ८ को चाफारुख बजार र वडा नं. १० को पाण्डुसैन बजार रहेका छन् । त्यसै गरी फोहोरजन्य वस्तुहरुको व्यवस्थापनको लागि उचित तवरको ल्याडफिल्ड साइडको व्यवस्था गरेको छैन । नगरपालिकाले यस्ता फोहोहरुको विशेष गरि खोला खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर यसको विसर्जन गर्ने गरेको देखिन्छ । यस नगरपालिकामा आगामी दिनमा नगरलाई सफा र स्वच्छ गराउनका लागि फोहरमैला व्यवस्थापन गर्न अत्यन्त आवश्यक छ ।

## २.२ बूढीनन्दा नगरपालिकाको मानव संसाधनको अवस्था

नगरपालिकाको निर्वाचन २०७९ वैशाख ३१ गते सम्पन्न भएसँगै हाल नवनिर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य सञ्चालन हुँदै आएको छ। यस नगरपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**बुढीनन्दा नगरपालिका मानव संसाधनको अवस्था**

बुढीनन्दा नगरपालिकाको कार्यालयमा विभिन्न विषयगत शाखामा निम्न लिखित कर्मचारीहरू रहेका जसलाई पद एवम् विषयगत शाखा अनुसार तलाको तालिकामा देखाइएको छ ।

तालिका ४: बूढीनन्दा नगरपालिकाको मानव संसाधनको अवस्था

| क्र.सं. | पद | शाखा | पदपुर्ति | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा |
| १. | सूचना प्रविधि अधिकृत | सूचना तथा प्रविधि | | | १ |
| २. | अधिकृत | | | | १ |
| ३ | ना.सु | प्रशासन | | | १ |
| ४. | सह-लेखापाल | लेखा | | | १ |
| ५. | ना.सु | प्रशासन शाखा, योजना शाखा | | | १ |
| ६. | खरिदार | | | | १ |
| ७. | नि.प्रमुख प्रशासकीय अधिकृत | | | | १ |
| ८. | सहायकस्तर पाचौं | प्रशासन | | | १ |

https://budhinandamun.gov.np/staff

## २.३ बूढीनन्दा नगरपालिकाकाको भौतिक सम्पत्तिको अवस्था

यस नगरपालिकाका आफ्नो सवारी साधनहरु मा गाडी, मोटरसाइकल र कार्यालय सञ्चालको लागि आवश्यक फर्निचरहरु, कम्प्युटर, प्रिन्टर, कुर्सि, बेञ्च, टेवलहरु पनि यथेष्ट मात्रामा रहेका छन् ।

# परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतले स्थानीय तहलाई प्रदान गरेका राजस्व सम्बन्धि अधिकार र सो अधिकार कार्यान्वयनका लागी नगरपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरूलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धि संवैधानिक तथा कानूनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तर्गत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर) घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन् र गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संकलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धि विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५: तहगत राजस्व अधिकार

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| भन्सार<br>अन्त:शुल्क<br>मूल्य अभिबृद्धि कर<br>संस्थागत आयकर<br>व्यक्तिगत आयकर<br>पारिश्रमिक कर<br>राहदानी शुल्क<br>भिसा शुल्क<br>पर्यटन दस्तुर<br>सेवा शुल्क दस्तुर<br>दण्ड जरिबार | घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>सवारी साधन कर<br>मनोरञ्जन कर<br>विज्ञापन कर<br>पर्यटन<br>कृषि आयमा कर<br>सेवा शुल्क दस्तुर<br>दण्ड जरिवाना | सम्पत्ति कर<br>घर बहाल कर<br>घर जग्गा रजिष्ट्रेशन शुल्क<br>सवारी साधन कर<br>सेवा शुल्क दस्तुर<br>पर्यटन शुल्क<br>विज्ञापन कर<br>व्यवसाय कर<br>भूमिकर (मालपोत)<br>मनोरञ्जन कर<br>मालपोत संकलन<br>दण्ड जरिवान | सेवा शुल्क,<br>दस्तुर,<br>दण्ड जरिवाना<br>प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>पर्यटन शुल्क |

स्रोत: नेपालको संविधान, २०७२

## ३.१.२ कानुनी व्यवस्था

### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहको वित्तीय अधिकार सम्बन्धि व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरू जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घर-जग्गा बहाल कर, पार्किङ शुल्क, जडिबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसरी नै गैरकर अन्तर्गत नगरपालिका वा गाउँपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरे वापतको सेवा शुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरूबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्शापास दस्तुर र नगरपालिका वा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिणाममा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री र अन्य सम्पत्ति विक्री, सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेको छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ। यसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ। हालसम्म सङ्घीय तहबाट स्थानीय तहमा घरजग्गाको लागत स्थानान्तरण भै नसकेको र सङ्घीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून बमोजिम असुलउपर गरी त्यसको ६०% सम्बन्धित स्थानीय नगरपालिका वा गाउँपालिका र ४०% सम्बन्धित प्रदेशमा पठाउने गरेको छ । स्थानीय नगरपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट आम्दानी प्राप्त हुने गर्दछ ।



अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न सङ्घीय, प्रदेश र स्थानीय तहले परिचालन गर्ने कर र गैह्र करका शीर्षकहरू निर्धारण गर्नुका साथै संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकार क्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरूको सन्दर्भमा प्रदेश र स्थानीय तहबिच एकले कर प्रशासन सम्बन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ। आर्थिक ऐन २०७५ ले परिमार्जन गरेको व्यवस्था देहाय वमोजिम रहेको छ।

तालिका ६: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था

| **करका क्षेत्रहरु** | **दर निर्धारण गर्ने** | **संकलन गर्ने तह** | **राजस्व बाँडफाँड (प्रतिशतमा)** | |
|---|---|---|---|---|
| | | | **प्रदेश** | **स्थानीय तह** |
| सवारी साधन | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय तह | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय तह | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय तह | ४० | ६० |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | १०० |

स्रोतः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६

**एकल कोषको व्यवस्थापनः**

एकल कोषको व्यवस्थापन देहाय बमोजिम हुनेछः-

१. एकल कर बाँडफाँड प्रयोजनका लागी संकलन गर्न तह (प्रदेश र स्थानीय) ले संकलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ।
२. प्रदेशले सवारीसाधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने।
३. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने र मासिकरुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने।
४. स्थानीय तहले विभाज्य कोषमा रहेको रकमको ४०% आवधिक रूपमा प्रदेशको सञ्चितकोषमा दाखिला गर्नुपर्ने।

**स्थानीय तहको आन्तरिक आयः-**

स्थानीय तहलाई कानूनले नै कर, सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । करको दायरामा रहेका व्यक्ति तथा संस्थाहरूले भुक्तानी गर्ने रकमहरू नै स्थानीय तहका राजस्वका स्रोतहरू भएको हुनाले नागरिकले आफूले तिरेको करको स्थानीय तहले कसरी उपयोग गरेको छ भन्ने विषयमा चासो र सरोकार राख्नु स्वभाविक हो भने स्थानीय सरकारले राजस्वको सदुपयोग गर्ने दायित्व निर्वाह गर्नुपर्दछ ।




**राजस्व परिचालन चक्र र प्रक्रियाः**

नगरपालिका तथा गाउँपालिकामा राजस्व परिचालनलाई व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउन विभिन्न चरणहरू चक्रीय प्रणालीको रूपमा अवलम्बन गर्न सकिन्छ जसलाई तल प्रस्तुत गरिएको छ ।




स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन राजस्व प्रशासन चक्रका प्रत्येक चरणहरूमा नगरपालिका तथा गाउँपालिकाको प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत, मेयर/प्रमुख र अन्य जनप्रतिनिधिहरू, लगायत समग्र कार्यपालिकाको समन्वय, सहयोग, सहजीकरण र अनुगमन अति आवश्यक पर्दछ ।

**नगरपालिकाको आन्तरिक राजस्वका स्रोतहरू:**

**१. सम्पत्ति कर सम्बन्धि व्यवस्था**

नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ। यो व्यवस्था अनुसार सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने र बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने छ।

**स्पष्टिकरण**

घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ । यसरी सम्पत्ति कर लगाउँदा देहाय बमोजिमका विषयलाई आधार लिनुपर्ने व्यवस्था रहेको छः

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**(२) भूमिकर (मालपोत) सम्बन्धी व्यवस्था**

नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउने छ । आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सो भन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

**(३) व्यवसाय कर**

नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

**(४) घर जग्गा बहाल कर**

नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

**(५) सवारी कर**

नगरपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरुको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार पाएको छ। बुढीनन्दा

नगरपालिकाले यसका लागी दर निर्धारण गरेको अवस्था छ।

### (६) विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागी राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ।

### (७) गैरकरहरु

स्थानीय सरकार सञ्चालन ऐनमा नगरपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकीङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जीपफ्लाईर, ऱ्याफ्टिङ्ग, प्याराग्लाईडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहासिक खेलकुद सम्बन्धि सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ।

यसैगरी नगरपालिकाबाट विभिन्न सिफारिसहरु, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधीक शिक्षा तथा व्यवसायिक तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोवार (प्लटिङ्ग) जस्ता व्यवसायिक संस्थाहरुको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर संकलन गर्ने व्यवस्था रहेको छ।

### (८) प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा निम्न व्यवस्था गरेको छ।

तालिका ७: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (प्रतिशतमा)

| श्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| बन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागी प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँड गर्न

सिफारिस गरेको छ ।

### (९) कर राजस्व बाँडफाँड सम्बन्धी व्यवस्था

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोषमा राखी सोरकमबाट सङ्घीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

तालिका ८: कर राजस्वको बाँडफाँड सम्बन्धी व्यवस्था (प्रतिशतमा)

| श्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिबृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागी सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संबैधानिक व्यवस्था रहेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सुचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड गर्ने गरी आगामी ५ वर्षको लागी सिफारिस गरेको छ ।

| क्र.सं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या:<br>➢ कूल जनसंख्या अनुपात ८०<br>➢ आश्रित जनसंख्या अनुपात २० | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक (पुर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| | **जम्मा:** | **१००** | **१००** |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँडबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा थप रकम सूत्र अनुसार रकम बाँडफाँड गर्ने गरेको छ। आयोगले गत आ.व. २०७६/७७ मा ३ करोड ५० लाख र आ.व. २०७५/७६ मा ३ करोड न्यूनतम रकम र त्यसपछि सुत्र अनुसारको रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँड गर्न सिफारिस गरेको थियो।

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्थाः

यस बुढीनन्दा नगरपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा सिफारिश तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, घर बहाल कर, व्यवसाय दर्ता तथा नवीकरण दस्तुर आदि रहेका छन्। आ.व. २०७६/०७७ मा आन्तरिक राजस्व रु. २८१००० र आ.व. २०७७/०७८ मा रु. २४७९१८६ भै अघिल्ला वर्षभन्दा केही बढी आम्दानी प्राप्त भएको छ, जसलाई देहायको संयुक्त स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

तालिका ९: विगत तीन वर्षको आन्तरिक स्रोतको अवस्था

| आय शीर्षक | २०७६।०७७ को यथार्थ आय | ०७७।०७८ को यथार्थ आय | २०७८।०७९ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | | | |
| जम्मा आन्तरिक आम्दानी | २८१००० | २४७९१८६ | २५००००० |
| **ख. राजस्व बाँडफाँडबाट प्राप्त आय** | | | |
| सङ्घीय सरकार बाट ( मु.अ.कर तथा अन्तः शुल्क) | ४९९२१०००.०० | ६२६०६११९.९० | ७७३८८०००.०० |
| प्रदेश सरकार बाट (सवारी साधन) | ९७४०००.०० | १३६६६२२.८८ | ५४९७०००.०० |
| घर जग्गा रजिष्टेशन | ० | ० | ० |
| **ग. अनुदान** | | | |
| समानीकरण अनुदान | ११८०५७००० | ११५२८७००० | ११९८१५००० |
| सशर्त अनुदान | १६३६००००० | २२९६४३८१० | २२८७७९००० |
| समपुरक अनुदान | ९१९९००० | १८०६१००० | १५०४३००० |
| बिशेष अनुदान | ५०००००० | १४३००००० | ११८००००० |
| अन्य अनुदान | | | |
| **कुल जम्मा** | **३४७०३२०००** | **४४३७४३७३८.८** | **४६०८२२०००** |

**स्रोतः** बुढीनन्दा नगरपालिकामा (सूत्रबाट प्राप्त प्रतिवेदन तथा आर्थिक बर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्य एवं स्वीकृत वार्षिक कार्यक्रम पुस्तिका)

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमूख क्षेत्र र सम्भावना विश्लेषण

हिमाली जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले हिमाली तथा उच्च पहाडी क्षेत्रको अधिकांश जमिनको बनौट भीरालो प्रकृतिको छ भने नदी तटीय क्षेत्र लगायतका अन्य क्षेत्रमा पनि समथर जमिन पनि रहेको छ। उच्च पहाडी श्रृंखलाले बनेको यस नगरपालिकामा कडा खालको चट्टानी भूभाग, भीरपाखा तथा बसोबासयोग्य क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ। बुढीनन्दा नगरपालिकामा उच्च पहाडी र हिमाली क्षेत्रको मिश्रित भू-भाग भएको हुनाले यहाँको आर्थिक क्रियाकलापको मुख्य आधार पर्यटन, कृषि, प्राकृतिक स्रोतसाधनहरू जस्तै हिमाल, ताल, वनजंगल, खनिज, जडीबुटी, खोला नदी आदि रहेका छन्। यहाँको खेतीयोग्य जमिनमा फलफूल, आलु, तरकारी, आदिको व्यवसायिक उत्पादन, सुन्दर तथा मनमोहक हिमाली दृष्य, ताल, घाँसेमैदान, आदिले पर्यटन व्यवसायको प्रचुर संभावना रहेको छ। पर्यटन पूर्वाधारको शुरुवात भएको छ यसका परिमाण र गुणस्तरमा बृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। यस्ता व्यवसायहरूको बिस्तार भएमा र उनीहरूलाई प्रत्यक्ष लाभदायी बनाई राजस्व संकलन अभियानमा समावेश गराउन सकेमा करको दायरा थप फराकिलो हुने सम्भावना छ।

नगरपालिकाका सबै वडा र बस्तीहरूलाई सडक सञ्जालले जोड्ने कार्यहरू भैरहेका छन् जसले नगरपालिकाको उत्पादनले बजारको पहुँचलाई सहज बनाउँदै लगेको छ। स्थानीय कच्चा पदार्थहरूमा आधारित प्रारम्भिक प्रशोधन तथा निकासीको प्रबल सम्भावनाहरू देखिएका छन् भने विभिन्न किसिमका घरेलु तथा साना उद्यम र व्यवसायको विकास तथा बिस्तार हुन सक्ने अवस्था रहेको छ।

तालिका १०: पालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | छ | छ | भएको |
| | सम्पत्ति कर | छ | छ | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | - | |
| | घर जग्गा बहाल कर | छ | छ | भएको |
| | व्यवसाय कर | छ | छ | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | छ | भएको |
| | विज्ञापन कर | छ | छ | नभएको |
| | मनोरन्जन कर | छ | छ | नभएको |
| ख. | अन्य राजस्व | | | |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | छ | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिकी | छ | छैन | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिकी वापतको आय | छ | छ | नभएको |
| | नक्सापास दस्तुर | छ | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छ | छ | भएको |
| | बहाल विटौरी शुल्क | छ | छ | भएको |
| | पार्किङ्ग शुल्क | छ | छ | नभएको |
| | अस्पताल संचालन | छ | छैन | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | छैन | नभएको |
| | स्थानीय खानेपानी महसुल | छैन | | |
| | स्थानीय विद्युत महसुल | छैन | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जीपप्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | छ | छैन | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | छ | छैन | नभएको |
| | मूल्यांकन सेवा शुल्क | छ | छ | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | छ | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छ | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| | दण्ड जरिवाना | छ | छ | भएको |

स्रोत: फिल्ड सर्वेक्षण ,२०७८ तथा नगर आर्थिक ऐन,२०७८

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा पालिकाले कर तर्फ ७ वटा शीर्षकहरूमा आय संकलन गर्ने सम्भावना देखिन्छ। जसमध्ये पालिकाले हालसम्म ४ वटा शीर्षकहरू (भूमीकर, बहाल कर, जडिबुटि, जिवजन्तु कबाडी  कर, व्यवसाय कर आदी) को करका दरहरू निर्धारण गरी राजस्व मात्र संकलन गरिरहेको छ भने सम्पती कर, विज्ञापन कर, मनोरञ्जन कर आदी को आर्थिक ऐनमा करको दर निर्धारण गरेता पनि हालसम्म राजस्व संकलन गरेको छैन । त्यसैगरी गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शीर्षकहरू मध्ये १६ वटा शीर्षकहरूबाट आय संकलन गर्ने सम्भावना देखिन्छ। हालसम्म पालिकाले जम्मा ७ वटा शीर्षकहरूमा दर निर्धारण गरी आय संकलन गरिरहेको छ। पालिकालाई ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क, अस्पताल संचालन, बहाल विटौरी शुल्क, वन पैदावर (सामुदायिक वनको) बिकी वापतको आय, स्थानीय खानेपानी महसुल, स्थानीय विद्युत महसुल आदीको दर निर्धारण गरी आय संकलन गर्ने अधिकार प्राप्त भएता पनि यसको हालसम्म दर निर्धारण तथा संकलन भएको छैन ।

### ३.३.१ कर राजस्व

नगरपालिकाको राजस्वका स्रोतहरूमध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भैरहेको सम्भाव्य स्रोत र सोको परिचालनका लागी गर्नुपर्ने सुधारहरू देहाय बमोजिम रहेका छन्:

### क. सम्पत्ति कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ मा सम्पत्ति कर सम्बन्धि प्रावधान रहेको छ। उक्त प्रावधान अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका घर र सो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ।

**विद्यमान अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७८ दफा २ मा अनुसुची १ अनुसार घर कर लाई सम्पत्तिकरको रुपमा एकिकृत सम्पत्तिकर बमोजिम कर लगाउने व्यवस्था गरेको छ। केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ अनुसार एकिकृत सम्पत्तिकर लाई सम्पत्तिकर को रुपमा र भुमिकर छुट्टै रुपमा लिने व्यवश्था गरेको भएता पनि यस संबन्धमा नगरपालिका अझै स्पषट भएको देखिदैन। साथै हाल सम्म यस शीर्षकमा नगरपालिकाले कर उठाएको देखिदैन।

**सम्भावनाः** नगरपालिका क्षेत्रमा रहेका कुल ३५१८ घरपरिवार रहेको छ। यसैगरी नगरपालिका क्षेत्रमा रहेका घरहरूलाई छानाको प्रकारका आधारमा हेर्दा सबैभन्दा उच्च संख्यामा टायल वा ढुगांले छाएको छानो भएको घरमा बस्ने ४३.०६ प्रतिशत रहेका छन्। नगरपालिका प्रोफाइलमा उल्लेख भए वमोजिम कुल घरधुरीका स्वामीत्वमा भएका घरहरुलाई घरहरूलाई फुस/खरले छाएको घर, टायल वा ढुगांले छाएको घर ,जस्ताको छानो भएका घर, , आरसिसि ढलान भएको तथा काठको छाना भएको घर गरी विभिन्न समूहमा विभाजन गरी यी सात किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छः।

तालिका ११: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| क.सं | घरको प्रकार | संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कूल आय रु. |
|---|---|---|---|---|
| १ | आरसिसि ढलान भएको | ६१ | ५०० | ३०५०० |
| २ | टायल/ढुङ्गाको छाना भएको | १५१५ | ४५० | ६८१७५० |
| ३ | जस्ता/च्यादरको छाना भएको | ७१५ | ४०० | २८६००० |
| ४ | काठको छाना भएको | २१९ | ३०० | ६५७०० |
| ५ | माटोको छानो भएको | २२४ | २०० | ४४८०० |
| ६ | फुस वा खरको छानो भएको | ६७६ | २०० | १३५२०० |
| ७ | अन्य | १०८ | १५० | १६२०० |
| | **जम्मा** | **३५१८** | | **१२,६०,१५०** |

स्रोतः नगर प्रोफाइल, २०७५

यसरी यस नगरपालिकामा घरको संरचनाको आधारमा करीब रू १२,६०,१५० सम्पत्तिकर उठ्न सक्ने देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रमा रहेका घरजग्गा नगरपालिकाको एक भरपर्दो आम्दानीको स्रोत हो । घरजग्गाहरूको वास्तविक मूल्याङ्कन, परिमार्जन, जनताहरूलाई कर तिर्नु दायित्व हो भन्ने बोध गराउने, जनताहरूको करतिर्न सक्ने क्षमता अनुसारको दर निर्धारण गर्ने, समयमा कर नतिर्ने करदाताहरूलाई दण्डजरिवानाको व्यवस्था गर्ने, राजस्व प्रशासनको समयसापेक्ष सुधार गर्ने आदि उपायहरूको अबलम्बन गरी सम्पत्ति कर सम्बन्धि व्यवस्थामा सुधार गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

सम्पत्ति मुल्यांकन अनुसार कर निर्धारण गर्दा शुरु मूल्य रु. ५०,०००।- (पचासहजार) सम्मको सम्पत्तिमा रु. ५०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप पचासहजारको सम्पत्तिमा -०।२० पैसा देखि सम्पीत्तको मूल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ । यसका लागी नगरपालिकाले एउटा छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्न उचित देखिन्छ । घरमुली महिला वा महिलाको स्वामीत्वमा रहेको सम्पत्ति भएमा त्यस्तो सम्पत्तिमा केही प्रतिशत छुट दिने गरी ऐनमा व्यवस्था गर्न सकिने छ । राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा विल काट्ने गरिएमा काम छिटोछरितो, सजिलो हुनका साथै मानवीय कमजोरीबाट हुने त्रुटीमा कमी ल्याउन सकिन्छ ।

## ख. भूमिकर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खेतीयोग्य जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमिकार (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरेको छ ।

**विद्यमान अवस्था:** भूमिकर, नगरपालिकाको एउटा प्रमुख र दिगो राजस्वको स्रोत हो । नगरपालिकाले भूमिकर वापत आ.व. २०७७/०७८ मा रु. ५५,८५० राजस्व प्राप्त गरेको थियो । नगरपालिकाको कूल क्षेत्रफल २३२.४८ बर्ग कि.मी मध्ये २९.६६ वर्ग कि.मी (१२.७६%) खेतियोग्य भूमि रहेको देखिन्छ । घरघडेरीको रूपमा उपयोग हुने जमिनलाई छुट्याएर बाँकी रहेको जमिनमा भूमिकर लगाउन सकिन्छ । नगरपालिकाको आर्थिक ऐन २०७८ अनुसार पहिलो ५ रोपनी सम्म रू. ५० , ५ देखि १० रोपनी सम्म प्रती रोपनीमा थप रु.५० र १० रोपनी भन्दा बढीमा प्रती रोपनीमा थप रू ७० को दरले भुमी कर लिने व्यवस्था गरेको छ । विलम्ब वापत शुल्क थपगर्ने व्यवस्था रहेको छैन । साथै हाल सम्म यस शीर्षकमा नगरपालिकाले कर उठाएको देखिदैन ।

**करको सम्भावना:** यस नगरपालिका भित्रको क्षेत्रमा सम्पत्ति कर लगाएको बाहेकको जमिनलाई उपयोगको आधारमा मूल्याङ्कन गरी भू-उपयोग ऐनको प्रावधान अनुसार कृषि क्षेत्र, आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र लगायत अन्य तोकिएका क्षेत्रमा वर्गिकरण गरी कर निर्धारण गरिएमा हालको भन्दा बढीकर असुल हुन सक्ने संभावना रहेको देखिन्छ । नगर प्रोफाइल २०७५ अनुसार यस नगरपालिकामा करीब १७५०८ रोपनी जग्गा कृषि कार्यका लागी उपयोग गरिएको छ ।

नगरपालिकाको आर्थिक ऐन अनुसार प्रति रोपनी  औषत रू. १५ को दरले कर उठउने प्रस्ताव गरिए अनुसार कृषि योगाय जमिन बाट करिब रू. २,६२,६२० राजस्व उठ्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रमा रहेको जमिनलाई नयाँ भूमि सम्बन्धि ऐनको प्रावधान बमोजिम वर्गिकरण गरी भूमिको उपयोगअनुसार सम्पत्ति कर लगाए बाहेकको जमिनलाई खेती प्रयोजनमा प्रयोग भएको, सडकले नछोएको जमिनमा मालपोत मात्र र सडक यातायातले छोएको, घडेरीको रुपमा विकास हुन सक्ने जमिनमा थप भूमिकर लगाउने गरी प्रगतिशिल किसिमको भूमिकर लगाउने र बक्यौताको विवरण तयार गरी सो उठाउन पनि पहल गर्नुपर्ने देखिन्छ । प्रगतिशिल र व्यवहारिक भूमिकरको दर निर्धारण र असुली गर्न देहाय बमोजिमका उपायहरू उपयुक्त हुने देखिन्छ ।

१. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादकत्व, वार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु उचित हुन्छ ।
२. सडकयातायातको सुविधामा जोडिएको जमिनको व्यवसायिक महत्व बढी हुने भएकोले त्यस्ता जमिनमा थप भूमिकर लगाउनु उपयुक्त हुन्छ र त्यस्ता जमिनमा भौतिक संरचनाहरूको निर्माण भएमा स्वतः सम्पत्ति करको दायरामा आउने हुनाले बाँकी रहेको जमिनको करको दर सामान्य हुनुपर्छ ।
३. मालपोतको दर निर्धारण गर्दा जमिनको उत्पादनलाई मौद्रिक मूल्यमा रुपान्तरण गरी आय र लगानीको विश्लेषण गरी बचत रकमको ५ देखि १०% सम्म वार्षिक मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ ।
४. प्रगतिशील मालपोत दर कायम गर्न शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ ।
५. सामुहिक खेतीतर्फ आकर्षित गर्न, लैङ्गिक समानता कायम गर्न र आर्थिक रूपले विपन्न परिवारलाई सहुलियत दिन सहकारी मार्फत गरिने सामुहिक खेती, गरिब किसान र महिलाका नाममा भएको कृषि जमिनमा स्थानीय कानुन अनुसार ५०% सम्म शुल्क छुट दिन सकिने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ ।
६. स्थानीय स्तरमा उद्योग प्रयोजनार्थ तथा व्यवसायिक हिसाबले जडिबुटी स्याउ, फलफूल बगैंचा, कृषिफार्म सञ्चालन गर्ने कृषकहरूलाई नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी प्रोत्साहन स्वरूप २०% सम्म रकम छुट दिन सकिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

**(ग) घरजग्गा बहाल करः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, भवन, टहरा, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रूपले बहालमा लिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम घरजग्गा बहालमा लगाए वापत बहालमा लगाएको शुल्कको १०% का दरले घरजग्गा बहाल कर असुलउपर गर्दै आएको छ । नगरपालिकाले आ.व. २०७७/२०७८ मा यस शीर्षक अन्तर्गत जम्मा रु २,५०,००० संकलन गर्ने लक्ष्य राखेकोमा कूल रु. २,३५,८८१ संकलन गरेको देखिन्छ ।

**करको संभावनाः** नगर प्रोफाइल २०७५ अनुसार यस नगर क्षेत्रभित्र १ वाणिज्य बैंक, १ लघुवित्त संस्था र ५ वटा बचत तथा ऋण सहकारी गरी जम्मा ७ वटा वित्तीय संस्थाहरू रहेको पाइन्छ । कुल विद्यालय मध्ये १ वटा संस्थागत विद्यालय पनि रहेको देखिन्छ । सोही नगर प्रोफाइल अनुसार नगरपालिकामा ४ वटा गै.स.स. छन् । व्यक्ति र संस्था गरी नगरपालिका भरीमा कूल १९ जना घरबहालमा बस्ने अनुमान गरिएको छ । व्यक्ति र संस्थाका लागी प्रस्तावित विभिन्न दररेटको आधारमा घरबहाल कर संकलन गर्दा कूल रु. ४०,८०,००० घर बहाल उठ्ने र नगरपालिकाको आर्थिक ऐन अनुसार १०% का दरले घरबहाल कर संकलन गर्दा वार्षिक कूल रु. ४,०८,००० घर बहाल कर उठ्न सक्ने सम्भाव्यता पेश गरिएको छ । यसलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

तालिका १२: घरजग्गा बहाल करको सम्भाव्यता विवरण

| क्र.सं. | बहालमा बस्ने प्रयोजन | संख्या | बहालमा बस्ने अनुमानित संख्या | अनुमानित औसत भाडा रकम | वार्षिक भाडा रकम | घर बहालको १०% का दरले हुने आम्दानी |
|---|---|---|---|---|---|---|
| १ | बित्तिय संस्था | ७ | ५ | ३०,००० (प्रति महीना) | १८००००० | १८०००० |
| २ | गै.स.स. संस्था | ४ | ४ | २०,००० (प्रति महीना) | ९६०००० | ९६००० |
| ३ | उद्योग/ व्यवसाय | ७ | ४ | २०,००० (प्रति महीना) | ९६०००० | ९६००० |
| ४ | संस्थागत विद्यालय | १ | १ | ३०,००० (प्रति महीना) | ३६०००० | ३६००० |
| ५ | बहाल (व्यक्ति) | ० | ० | २,००० (प्रति महीना) | ० | ० |
| | जम्मा | १९ | | - | ४०८०००० | ४०८००० |

स्रोतः नगर प्रोफाइल, २०७५

Commented [BA1]:

**सुधार गर्नुपर्ने पक्षहरूः** व्यवसायिक तथा आवासिय प्रयोजनका लागी बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक भाडा अनुसारको लगत तयार गरी बहालकरको स्वीकृत दर बमोजिमको प्रभावकारी कार्यान्वयन गर्न घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्नुपर्ने देखिन्छ । दुई-दुई वर्षमा घरजग्गा बहाल करको दर पुनरावलोकन गर्नुपर्दछ ।

**(घ) व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय

वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई होटल, रेष्टुरेन्ट एण्ड बार, स्टेशनरी तथा पुस्तक पसल, माछामासु तथा फलफुल पसल, अस्पताल, शिक्षण संस्था, होमष्टे, शैलुन, थोक तथा खुद्रा पसल लगायतका विभिन्न व्यवसाय किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ । व्यवसाय कर न्यूनतम रु. ५०० देखि अधिकतम रु.३,००० सम्म तोकिएको छ । यस नगरपालिकाले व्यवसाय कर वापत हालसम्म कुनै रकम संकलन गरेको छैन ।

**करको संभावना:** नगर प्रोफाइल २०७५ अनुसार यस नगरपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा ३२७ वटा व्यवसायहरू संचालनमा रहेका छन् । व्यवसायहरू मध्ये सबैभन्दा उच्च संख्यामा १२१ वटा किराना पसलहरू सञ्चालन रहेका छन् । यहाँ सञ्चालनमा रहेका उद्योग व्यवसायहरूलाई होटल तथा रेष्टुरेण्ट, लघु तथा घरेलु उद्योग, बैंक तथा वित्तीय संस्था, किराना, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, कस्मेटिक तथा व्युटी पार्लर, कपडा तथा फेन्सी, तथा अन्यमा वर्गिकरण गरी स्थानीय उद्योग वाणिज्य सङ्घको सहकार्यमा कर निर्धारण गरी राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ ।

तालिका १३: व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | व्यवसायको प्रकार | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | किराना | १२१ | १००० | १२१००० |
| २ | बैक तथा बित्तिय संस्था | ७ | १५००० | १०५००० |
| ३ | होटल तथा रेष्टुरेण्ट | ३ | ५००० | १५००० |
| ४ | कपडा तथा फेन्सी | ४५ | १००० | ४५००० |
| ५ | मासु पसल | ३ | १००० | ३००० |
| ६ | तरकारी तथा फलफूल बिक्री केन्द्र | ५ | १००० | ५००० |
| ७ | निर्माण सामाग्री | ८ | ५००० | ४०००० |
| ८ | औषधी पसल वा क्लिनिक | ३ | २००० | ६००० |
| ९ | मर्मत सेवा केन्द्र | १५ | २००० | ३०००० |
| १० | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल | १४ | २००० | २८००० |
| ११ | चिया, खाजा वा नास्ता पसल | १०० | १००० | १००००० |
| १२ | कस्मेटिक तथा व्युटी पार्लर | ३ | १५०० | ४५०० |
| | **जम्मा** | **३२७** | | **५,०२,५००** |

स्रोत: नगर प्रोफाइल, २०७५

यस टेबुलको आधारमा विश्लेषण गर्दा व्यवसाय कर असुली गर्दा रु. ५,०२,५०० संकलन हुने संभावना देखिन्छ । यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्वर कम अझ बढ्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउन नगरपालिका अन्तर्गतका सम्पूर्ण उद्योग, व्यापार तथा व्यवसायहरूलाई अनिवार्य दर्ता प्रकृयामा ल्याई तिनीहरूको पूँजिगत लगानी, आम्दानी, मुनाफा, सेवा जस्ता पक्षहरूलाई विश्लेषण गरी करको दर निर्धारण गर्नुपर्ने देखिन्छ । नगरपालिकाले कर प्राप्त गरे वापत करदाताहरूले अपेक्षा गरेअनुसार फोहरमैला व्यवस्थापन, सरसफाइको व्यवस्था, सुरक्षा निकायको उपस्थिति जस्ता केही सेवा र सुविधाहरूलाई राजस्व परिचालनसँग आवद्ध गरी कार्यान्वयन गर्नु उचित देखिन्छ । कर अभियान सञ्चालन गरी कर सचेतना अभिबृद्धि गर्नुका साथै यस सम्बन्धि नागरिकका गुनासाहरूको सुनुवाई गरी जायज गुनासाहरूको सम्बोधन गर्नु पर्दछ । कर प्रशासनमा दण्ड र पुरस्कारको व्यवस्थालाई नियमित प्रक्रियाको रूपमा स्थापित गर्नुपर्दछ ।

### (च) विज्ञापन कर

विज्ञापन ऐन, २०७६ को दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्ने व्यवस्था रहेको छ । सोही दफाको उपदफा ६, मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरू सम्बन्धित स्थानीय कानुन बमोजिम हुने समेत उल्लेख गरिएको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश सरकारलाई दिनुपर्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:** नगरपालिकाको आर्थिक ऐन, २०७८ दफा ८ मो अनुसुची ७ अनुसार बिज्ञापन कर लगाइने र असुल उपर गरिनेछ भनी उल्लेख गरिएको छ । यस नगरपालिकामा यो शीर्षकबाट हालसम्म रकम असुल गरेको छैन ।

**करको संभावना:** बाजुरा जिल्लाको यस नगरपालिकामा कोल्टी बजार, दानसागु बजार, पाण्डुसैन बजार लगायत बजार हरु रहेका छन् । सो बजार क्षेत्रमा नगरपालिकाले विभिन्न किसिमका होर्डिङ बोर्डहरु लगाउन अनुमति दिइ विज्ञापन कर लगाउन सक्छ । यस्ता क्षेत्रहरूमा विभिन्न विज्ञापन सामग्री राख्ने स्थानहरू रहेका र भविष्यमा अझ बढी बृद्धि हुँदै जाने सम्भावना रहेको हुनाले विज्ञापन कर शीर्षकमा आम्दानी बढ्न सक्ने संभावना रहेको छ । नगरपालिकाको बजार क्षेत्रमा साना वोर्ड करिब १०० वटा, मझौला ५० वटा र ठूला साइजका बोर्ड करिब २० वटा स्थापना हुन सक्ने देखिन्छ ठुलो साइजको बोर्डको करिव प्रति बोर्ड रू. १५००, मझौला खालको बोर्डको रू. १००० र साना बोर्डको रू. ५०० को दरले कर लगाई बिज्ञापन कर लिंदा करीब रू. १,३०,००० कर संकलन हुने र सो को ६०% ले हुन आउने रकम रू. ७८,००० रकम संकलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रमा रहेका विज्ञापन स्थल तथा व्यापारिक प्रयोजनका विज्ञापन सामग्रीहरूको लगत राखी सो को नियमन गर्ने र संकलन हुनसक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्नुपर्ने देखिन्छ ।

**(च) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर**

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् नगरपालिकाहरूले कृषि तथा पशु पंक्षीमा आधारीत व्यवसायिक कारोबारको अनुमती तथा त्यस्तो कारोबारमा कर लिन सक्ने व्यवस्था गरेको छ। यस नगरपालिकाले यस शीर्षकमा हालसम्म राजस्व संकलन गरेको छैन ।

**सम्भावना :** नगरपालिकाको बस्तुगत विवरण अनुसार यस नगरपालिका भित्र  कुल उत्पादन गरी उपभोग पश्चात करीब ११३३ क्विन्टल तरकारी, १९७ क्विन्टल फलफुल तथा १३३० के जी मह उत्पादन गरी बिक्री बितरण गर्ने उल्लेख छ । यसैगरी यस गा.पा. बाट करीब ५०० किलो पशु जन्य उत्पादनहरू छिमेकि जिल्लाहरू वा नजिकको स्थानीय तहमा निकाशी हुने उल्लेख छ। यसै गरी घ्यु, मह समेत निकासी हुने उल्लेख छ । यस अनुसार यस नगरपालिकाले कृषि जन्य उत्पादनबाट करीब रू. २,०४,५०० राजस्व संकलन गर्न सक्ने अनुमान गर्न सकिन्छ।

तालिका १४: कृषि तथा पशूजन्य वस्तूको व्यवसायिक कारोवारमा लाग्ने कर सम्बन्धी विवरण

| क्र. सं | कृषि तथा पशुजन्य वस्तु (इकाई) | बिक्री | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | तरकारी (क्विन्टल) | ११३३ | १०० | ११३३०० |
| २ | फलफूल (क्विन्टल) | १९७ | १०० | १९७०० |
| ३ | मह उत्पादन (के.जी.) | १३३० | ५० | ६६५०० |
| ४ | पशु जन्य (के.जी.) | ५०० | १० | ५००० |
| | | | **जम्मा** | **२०४५००** |

स्रोतः नगर प्रोफाइल, २०७५

**सुधार गर्नुपर्ने  पक्षहरु :**

- ✓ नगरपालिकाबाट हुने कृषि जन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख संकलन गर्ने ।
- ✓ आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- ✓ नगरपालिकाले कृषी उत्पादनको निर्यातमा लगाउने कर  सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- ✓ कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**(छ) अन्य कर:**

**१. जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुको ब्यवसायिक उपयोग गरेवापत नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था:** नगरपालिका जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक करको प्रचुर संभावना रहेको भएता पनि कर संकलनको अवस्था उत्साहजनक रहेको देखिँदैन । साथै हाल सम्म यस शीर्षकमा नगरपालिकाले कर उठाएको देखिदैन ।

**करको सम्भावना:** यस नगरपालिकामा विशेष गरेर यार्सागुम्बा, वन लसून, घुच्ची च्याउ, भ्याकुर, निरमसी, पदमचाल, पाषणबेद, पाँचऔले, कटुकी, हर्रो/वर्रो जस्ता जडीबुटी उत्पादन हुने गरेका छन् । तसर्थ यहाँ व्यवसायीक किसिमले जडीबुटी संकलन तथा बिक्री वितरण गर्ने पेशा व्यवसायीहरू समेत रहेका छन् । यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कवाडीवस्तु उत्पादन तथा बिक्री वितरण हुने भएता पनि यस्ता व्यवसायिहरू करको दायरामा आइसकेका छैनन् । नगरपालिका क्षेत्रमा रहेका वनमा जडीबुटी खेती प्रवर्द्धन तथा बजारीकरण र जीवजन्तुहरूको व्यवसायिक कारोबारका लागी बजार केन्द्रको व्यवस्थापन गरी राजस्व बृद्धि गर्न सकिने सम्भावना देखिन्छ ।

तालिका १५: जडीबूटी, कवाडी र जीवजन्तूको व्यवसायिक उपयोग कर विवरण

| क.सं. | बस्तु | अनुमानित उत्पादन परीमाण (के.जी.) | करको दर (प्रती के.जी.) | संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | यार्सागुम्बा | ६० | २००० | १,२०,००० |
| २ | अन्य जडीबुटी | १०,००० | ५ | ५०,००० |
| ३ | कवाडी | ५०,००० | २ | १,००,००० |
| | | | **जम्मा** | **२,७०,०००** |

स्रोतः नगर प्रोफाईल २०७५ तथा राजस्व प्रक्षेपण अनुमान ,२०७८

यस टेबुलको आधारमा विश्लेषण गर्दा जडिबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग कर असुली गर्दा रु. २,७०,००० संकलन हुने संभावना देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरू:** जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक उपयोग करमा सुधार गर्नका लागी ऐनले व्यवस्था गरे बमोजिमका सबै व्यवसायलाई नगरपालिकामा दर्ता गर्न लगाई त्यस्ता व्यवसाय सञ्चालन गर्न इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने देखिन्छ । करदाताहरूलाई

आकर्षित गर्नका लागी छिमेकी पालिकाहरूसँग समन्वय गरी करमा एकरूपमा ल्याउनु पर्ने देखिन्छ । जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक कारोवार गर्ने व्यवसायीहरूको कारोवारको आधारमा कर निर्धारण गरी संकलन गर्नुपर्ने देखिन्छ ।

### २. सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आयकर

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक छैन ।

**सम्भावना :** नगरपालिकाको बस्तुगत विवरण ,२०७५ अनुसार यस नगरपालिकामा यस क्षेत्रभित्र सामुदायिक वन ३२ र कवुलियती वन २२ वटा  रहेका छन् । स्थानीय जनताहरु यी वनहरुवाट धाँस, दाउरा, स्याउला, सोतर, काठहरुको उपभोग गरिरहेका छन् । नगरपालिका प्रोफईल अनुसार यस नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न सामुदायिक वनहरुर सरकारी वनहरुमा  विभिन्न जडीबुटीहरु पाइने गर्दछन् । जडिवुटीहरुका संरक्षण, सम्वर्द्धन र दिगो व्यवस्थापनमा नगरपालिकाको ध्यान पुग्न सकेमा यस भेगका वासिन्दाहरुको आयआर्जनमा अभिबृद्धि हुनका साथै नगरपालिका समेत सम्पन्न हुनेमा कुनै शंका छैन । जडिवुटीवाट वार्षिक आम्दानी र राजस्व संकलनमा वारेमा कुनै तथ्याङ्क प्राप्त हुन सकेको छैन । यसै गरी नगरपालिकामा रहेका सामुदयिक बन बाट बन पैदावारको रुपमा फर्निचरको लागी आवश्यक  काठ समेत निकासी गर्दछ । यस नगरपालिकामा सामुदायिक वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएकाले आगामी आ.व.मा नगरपालिकाको कार्यपालिका बैठकको निर्णय बमोजिम वन पैदावार बिक्री र काठ निर्यात कर निर्धारण गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रहेका ५४ वटा सामुदायिक वनले बिक्री गरेका बन पैदावार वापत प्रती सामुदायिक बनले रू ५,००० को दरले वन पैदावार वापत स्थानीय तहलाई तिर्नुपर्ने रकम तिर्दा रू. २,७०,००० रकम संकलन हुने संभावना देखिन्छ ।

**सुधार गर्नुपर्ने  पक्षहरु :**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## ३.३.२ गैरकर  राजस्व

नगरपालिकाले प्राप्त गर्न सक्ने राजस्वको एक प्रमुख स्रोतको रुपमा गैरकर राजस्व पनि हो । यस

अन्तर्गत सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका स्रोतहरू महत्वपूर्ण रहेका छन् ।

### (क) स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (क) मा खानीजन्य तथा प्राकृतिक वस्तुको विक्री नगरपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी आदिको बिक्री गर्न सक्ने र विक्री गरेर प्राप्त गरिएको रकम नगरपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः** नगरपालिका क्षेत्रमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गरी गैरकर राजस्व प्राप्त गर्न सक्ने संभावना भएता पनि वर्तमान अवस्थासम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । नगरपालिकाले यस शीर्षक अन्तरगत हाल सम्म राजस्व संकलन गरेको छैन। निजी सम्पत्तिबाट खानीजन्य पदार्थहरूको उत्खनन् तथा उपयोगका लागी नगरपालिकाले नै कार्यविधी तर्जुमा गरी इजाजत दिने र त्यसबाट उत्पादित वस्तुमा दस्तुर लगाउन सकिने कानुनी व्यवस्था रहको हुनाले निजि जमिनबाट उत्पादित वस्तुमा दस्तुरको दर निर्धारण गरी राजस्व संकलनको व्यवस्था गर्न उपयुक्त देखिन्छ ।

**करको संभावनाः** यस नगरपालिका स्थानीय पूर्वाधार विकासको प्रारम्भिक चरणमै रहेको हुनाले निर्माण सामग्रीहरूको अत्याधिक माग बृद्धि हुँदै जान सक्ने देखिन्छ । यहाँका नदी तथा खोलाहरू बाट र बनक्षेत्रबाट प्राकृतिक वस्तुहरूको उत्पादन र विक्री तथा उपयोगको प्रचुर संभावना रहेको देखिन्छ । यस नगरपालिकामा रहेका बड्डीगाड, कालगोठी खोला, नारीघाट, पाथरगाड, सिंगारेगाड, कट्टेखोलाजस्ताजस्ता नदी खोला हरुमा प्रचुर मात्रामा बालुवा, ढुङ्गाको संभावना रहेको हुँदा यी क्षेत्रहरु बाट करीब रू. १०,००,००० जति संकलन गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः** नगरपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरुको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागी पहल गर्नुपर्ने र हालै नेपाल सरकारले जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन् तथा विक्री वितरण सम्वन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन्, व्यवस्थापन र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने देखिन्छ । कानूनको मनसाय अनुसार नगरपालिकाले आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण पनि आफैले स्वीकृत गर्नुपर्ने देखिन्छ ।

### (ख) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका भौतिक संरचनाको

उपयोग वापत बहाल विटौरी शुल्क लगाउन सकने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्थाः** नगरपालिकाको नगर क्षेत्रको सडकको दायाँबायाँ तथा गमगढी बजार क्षेत्रमा घरटहराहरू अस्थायी रूपमा बसोबास गरी विभिन्न व्यापार, व्यवसाय तथा जिविकोपार्जनका गतिविधीहरू गरिरहेको अनुमान गरिएको छ । नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १० मा अनुसुची ९ अनुसार ले नगरपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेको भवनमा प्रति कोठा मासिक रु.५०० देखी रु. ३,००० का दरले बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने उल्लेख गरिएको छ । यस शीर्षकमा नगरपालिकाले हाल सम्म शुल्क असुल गरेको छैन ।

**शुल्कको संभावनाः** नगरपालिकाभित्रका अधिकांश वडाहरूमा सार्वजनिक जग्गा रहेको देखिन्छ । यी जग्गाहरू पुजापाठ, खेलकुद अन्न उत्पादन तथा घाँसे मैदानका रुपमा प्रयोग गरिएको पाइन्छ । यहाँ नगरपालिकाले विभिन्न हाट बजारहरू संचालन गरी बहाल बिटौरी शुल्क ऊठाउन सक्छ । यसैगरी पुस्तकालय भवन रहेको नगरपालिकाको स्वामित्व रहेको भवन बाट समेत बहाल बिटौरी शुल्क ऊठाउन सक्छ । यसरी सबै तथ्याङ्क हरू अपडेट गरी आगामी बर्ष यस बिषयमा करिब रू. २,५०,००० संकलन गर्न सक्ने संभावना देखिन्छ । नगरपालिकाभित्र सडकको दायाँ र बायाँ निर्माण भएका कतिपय संरचनाहरू सडक विस्तारसँगै भत्काउनुपर्ने अवस्थामा रहेका देखिन्छन् भने बाँकी संरचनाहरू र अन्य सार्वजनिक जग्गामा बनेका घरटहरा लगायतका संरचनाहरूलाई स्थानीय कर अर्थात बहाल विटौरी शुल्कको दायरामा ल्याउनुपर्ने हुनाले सरकारी जग्गामा निर्माण भएका यस्ता संरचनाहरूको पहिचान, लगत तयार पारी नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिमो दर कायम गरी राजस्व असुली गर्न सकिने संभावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः** नगरपालिकाभित्र रहेका सडक अधिकार भित्रका सार्वजनिक, ऐलानी, पर्ति सरकारी तथा सामुदायिक जग्गाको खोजीगरी लगत तयार गर्नुपर्ने देखिन्छ । बहाल विटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ । सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामीत्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध सम्बन्धित नगरपालिकाले गर्नुपर्ने भएकोले उक्त पालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजीगरी लगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैले नगरपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ ।

### (ग) नक्शापास दस्तुरः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्शापास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था गरिएको छ । यस ऐनको दफा ३३(४) मा भवन निर्माण गर्न अनुमती

दिँदा लाग्ने दस्तुर नगरपालिकाले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसुची १२ मा नक्शापास, दस्तुर बजारक्षेत्र, मूल सडकसँग जोडिएका तथा संरचनाको किसिम, तला आदिका आधारमा निर्धारण गरिएको छ । नगरपालिकाले आर्थिक ऐनमा नक्शापास सम्बन्धी व्यवस्थागरेतापनि हाल सम्म यो शीर्षकमा पालिकाले कुनै राजस्व उठाएको छैन ।

**दस्तुरको संभावनाः** नगरपालिका भित्र विस्तारै बजारीकरण हुँदै गएको कारण आगामी दिनहरूमा पक्की घरहरू निर्माण हुँदै जाने संभावना बढ्दै गैरहेको छ । अब नयाँ बन्ने संरचनाहरू राष्ट्रिय भवन मापदण्ड तथा नगरपालिकाको आफ्नै भवन मापदण्ड तयार पारी सोही बमोजिम नियमन गर्नुपर्ने देखिन्छ । अब बन्ने संरचनाहरूका लागी नक्शापास अनिवार्य गराई सो कार्यका लागी प्राविधीक सेवा उपलब्ध गराए वापत शुल्क निर्धारण गर्दा राजस्व बृद्धि हुने संभावना देखिन्छ । यस पालिका मुगुको सदरमुकाम तथा शहरोन्मुख नगरपालिका भएको हुँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व संकलन हुने देखिन्छ । यस नगरपालिकाको बस्तुगत विवरण अनुसार यस गा.पा. मा रहेका ३४५२ वटा घरको अभिलेखिकरण गर्दा प्रती घर रू २०० को दरले कर उठाउँदा रू. ६,९०,४०० उठ्न सक्ने देखिन्छ । यसै गरी नयाँ घर बन्दा नक्शा पास, निर्माण सम्पन्न प्रमाण आदी वाफत यस शीर्षकमा राजस्व अझ बढी संकलन हुन सक्छ । पुराना घरको अभिलेखीकरण तथा नयाँ घरको नक्सा पास दस्तुरबाट करीब रु ७,००,००० राजस्व संकलन हुने देखिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरूः** नगरपालिकाले आफ्नै भवन निर्माण मापदण्ड निर्माण गरी त्यसले व्यवस्था गरेबमोजिम अब निर्माण हुने र निर्माण भैसकेका संरचना सम्बन्धि व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । मापदण्ड अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने, र नक्शापास मापदण्ड बन्नु पूर्व निर्माण भएका घरहरूको अभिलेखीकरणका लागी दस्तुरको दर आर्थिक ऐनमा समावेश गरी त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### (घ) घरजग्गा रजिष्ट्रेशन दस्तुरः

**विद्यमान अवस्थाः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिबाट अर्को व्यक्तिमा स्वामीत्व हस्तान्तरण गर्दा घरजग्गा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको असुल गरिएको राजस्वको ६०% रकम प्राप्त गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले यस्तो स्वामीत्व हस्तान्तरणको कार्य नगरपालिकाले नै गर्ने उल्लेख गरेतापनि सङ्घीय सरकारको मातहतमा रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख हस्तान्तरण भइनसकेको र नगरपालिकामा जनशक्ति पर्याप्त नरहेकोले हालसम्म पनि जिल्ला मालपोत कार्यालयले नै तोकिएको दस्तुर असुलउपर गरी असुल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला

हुनेगरी पठाउने गरेको छ ।

घरजग्गा रजिष्ट्रेशनको दर निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य सङ्घको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । नगरपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागी आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । यसै सन्दर्भमा जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मूल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

**सम्भावना :** जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत तोकी सोहि बमोजिम न्यूनतम थैली कायम गरी कर संकलीत गरेमा वार्षिक रु २,००,००० सम्म संकलन हुन सक्ने संभावन देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाले मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागी आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ ।

- जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मूल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

### (ङ). सिफारिश तथा प्रमाणितदस्तुर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) घ(७) मा नगरपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिश तथा दफा १२ को (ङ) मा वडाले गर्ने सिफारिश तथा प्रमाणितगरे वापत नगरपालिकाले दस्तुर प्राप्त गर्ने व्यवस्था रहेको छ ।

**हालको अवस्थाः** आर्थिक ऐन मार्फत् नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापतकार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर संकलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत दफा १२ (अनुसूचि–११) मा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत यस नगरपालिकाले आ.व. २०७७/७८ मा सिफारिश मार्फत रु. ५८,६६२ र प्रमाणितदस्तुर मार्फत रु. १,१५० संकलन गरेको थियो ।

**सम्भावना:** यस नगरपालिकामा जम्मा ३४५२ घरधुरी रहेको छ । यस नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक तलको अनुमानित तालिका अनुसार करिव ८५० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। वर्तमान दर अनुसार वार्षिक सिफारिश तथा प्रमाणितबाट रु ३,५७,५०० आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

तालिका १६: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण

| **क्र.सं.** | **सिफारिसको प्रकार** | **अनुमान सङ्ख्या** | **सिफारिस दर** | **संभावित संकलन रकम (रू)** |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारीस, बिबाह, नाता प्रमाणित लगाएत | १०० | १०० | १०००० |
| २ | पेन्सन सिफारिस | ५० | १२०० | ६०००० |
| ३ | खानेपानी बिद्युत जडान सिफारिस | ५० | १००० | ५०००० |
| ४ | घर गोठ प्रमाणित | ५० | २५० | १२५०० |
| ५ | अंग्रेजिमा गरीने सबै सिफारिस | ५०० | ४०० | २००००० |
| ६ | घरेलु उद्योग लगाएत विभिन्न सर्जमिन सिफारिस | १०० | २५० | २५००० |
| **जम्मा** | | **८५०** | ........... | **३,५७,५००** |

स्रोतः राजस्व प्रक्षेपण अनुमान ,२०७८

**सुधारका पक्षहरू:**

- ✓ शीर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- ✓ सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकिन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- ✓ दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- ✓ विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- ✓ वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

**(च) व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क**

**हालको अवस्था :** यस नगरपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्व) गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर संकलन गरेको देखिन्छ। नगरपालिकाको कार्यपालिका बैठकमा पास गरेको दररेटमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ। नगरपालिकाको कार्यपालिका बैठकमा पास गरेको दररेटमा व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क रु. १०० निर्धारण भएको देखिन्छ। व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापत यस नगरपालिकाले कर संकलन गरेको देखिदैन।

**सम्भावना :** व्यक्तिगत घटना दर्ता शुल्क नगरपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ। अतः आउँदा दिनमा पञ्जिकरण व्यवस्थित गरी बिलम्ब शुल्क संकलन गर्न सक्नेछ। नगरपालिकाको प्रोफाइल २०७५ यस नगरपालिका आ.व. २०७३-७४ मा जम्मा १२३४ वटा व्यक्तिगत घटना दर्ता भएको उल्लेख छ। सोही तथ्याङ्कलाई आधारमानी कुल व्यक्तिगत घटना संख्याको ६०% अथवा ७४३ घरपरीवारले कम्तीमा १ व्यक्तिगत घटना दर्ता गर्नुपर्ने अनुमान गर्दा प्रस्तावित व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्क तिर्दा बार्षीक रु. ७९,७५० सम्म संकलन गर्न सक्ने देखिन्छ।

तालिका १७: व्यक्तिगत घटना दर्ता (बिलम्ब) शूल्क सम्बन्धी विवरण

| **क.सं.** | **विवरण** | **जम्मा दर्ता संख्या** | **बिलम्ब हुन सक्ने अनुमानित संख्या** | **दर** | **जम्मा** |
|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | ८९३ | ५३६ | १०० | ५३६०० |
| २. | मृत्यु दर्ता | १२४ | ७५ | ५० | ३७५० |
| ३. | सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| ४. | बसाईसराई | ६५ | ४० | १०० | ४००० |
| ५. | बिबाह दर्ता | १५२ | ९२ | २०० | १८४०० |
| | **जम्मा** | **१२३४** | **७४३** | ……… | **७९७५०** |

स्रोतः नगरपालिका बस्तुगत विवरण, २०७५

**सुधार गर्नुपर्ने पक्षहरुः** नगरपालिकाको कार्यपालिका बैठकमा पास गरेको दररेटमा व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क रु.१०० निर्धारण भएको देखिएकोले घटना घटेको ३५ दिन भित्रै घटना दर्ता गर्न प्रोत्साहित गर्नका लागी उपयुक्त हुने देखिन्छ। यसका साथै नगरपालिकामा व्यक्तिगत घटना विशेष गरेर जन्मदर्ता गर्नको लागी प्रत्येक वडामा अभियानको रुपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण समेत गर्नु उपयुक्त हुने देखिन्छ। व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्न उपयुक्त हुने देखिन्छ। विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ।

### (छ) व्यवसाय दर्ता/नविकरण शुल्क:

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमती, नविकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ। सहकारी ऐन २०७४ ले सहकारीको दर्ता तथा नविकरण गर्ने अधिकार पनि नगरपालिकालाई दिएको छ।

**विद्यमान अवस्था:** नगरपालिकाको बस्तुगत विवरण अनुसार यस नगरपालिकामा ३२७ वटा व्यापारिक फर्म, सहकारी, होटेल तथा रेष्टुरेन्ट, होमस्टेहरू सञ्चालनमा रहेका छन्। हालसम्म व्यवसाय दर्ता तथा नविकरण शुल्क शीर्षकमा आम्दानी नभएको देखिन्छ। आ.व. २०७८।०७९ मा यस शीर्षकबाट रु ५,००,००० राजस्व आम्दानी हुने अनुमान गरिएको छ।

**शुल्कको संभावना:** नगरपालिकाको बस्तुगत विवरण २०७५ अनुसार यस नगरपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा ३२७ वटा व्यवसायहरू संचालनमा रहेका छन्। तर केन्द्रिय तथ्याङ्क विभागको आर्थिक गरणा २०७५ अनुसार यस नगरपालिकामा ५९५ ओटा संस्था रहेको देखिन्छ। यसरी नगरपालिकाको बस्तुगत विवरण अनुसार अझै २६८ वटा व्यापारिक संस्था दर्ता हुन बाँकि रहेको देखिन्छ। यसरी २६८ वटा व्यापारिक संस्था दर्ता गर्दा औसत रू . ५०० को दरले दर्ता शुल्क लिंदा करिब रू १,३४,००० र दर्ता भएका ३२७ वटा को नविकरण गर्दा औसत रू. २५० को दरले करिब रू. ८१,७५० गरी व्यवसाय रजिष्ट्रेशन तथा दर्ता शुल्क बाट रू. २,१५,७५० संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ। यसै गरी नयाँ थपिने निर्माण जन्य व्यवसाय लगाएत अन्य व्यवसाय दर्ता गर्दा जम्मा व्यवसाय दर्ता शुल्क करिब रू. २,५०,००० उठ्न सक्ने संभावना रहेको अनुमान गर्न सकिन्छ। नगरपालिका क्षेत्रमा विभिन्न व्यवसायिक फर्महरू तथा सहकारीहरू सञ्चालनमा रहेका र बजारीकरण सँगसँगै यस्ता व्यवसायिक तथा सहकारी लगायतका फर्महरूको संख्या बढ्दैजाँदा दर्ता र नवीकरण शीर्षक अन्तर्गत नगरपालिकाले अझबढी आम्दानी गर्न सक्ने सम्भावना रहेको छ।

**सुधार गर्नुपर्ने पक्षहरू:** नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायिक फर्म, उद्योग, सहकारी तथा अन्य सङ्घसंस्थाहरूको दर्ता तथा नविकरण प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने अनुमति तथा दर्ता नगरी सञ्चालनमा रहेका फर्म तथा संस्थाहरूलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### (ज) पार्किङ्ग शुल्क

**विद्यमान अवस्था:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६० अनुसार नगरपालिका भित्र आफ्नो क्षेत्र भित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्नेछ भनि उल्लेख छ। यस नगरपालिकाले पनि आफ्नो आ.व. २०७८-७९ को आर्थिक ऐनमा दफा ११ मा अनुसुचि १० बमोजिम पार्किङ शुल्क लगाउने बारे उल्लेख गरेको छ। यस नगरपालिकाले पार्किङ शुल्क वापत रकम प्राप्त गरेको देखिदैन।

**सम्भावना :** यस नगरपालिका को स्वामित्वमा रहेको एक जग्गा हाल पनि पार्किङको रुपमा रहेको भएता पनि सोलाई व्यवस्थित गरेको देखिदैन । सोलाई व्यवस्थित गरेमा यो नगरपालिका हिमाली ट्रेकिङका लागी ट्रेकिङरुटको रुपमा बिकसित हुँदा पार्किङ शुल्क राम्रो उठ्ने देखिन्छ ।

तालिका १८: पार्किङ शूल्क सम्बन्धी विवरण

| क्र.सं | सवारी साधन | दैनिक अनुमानित संख्या | पार्किङ् शुल्क दर | वार्षिक संकलन हुन सक्ने रकम ( रू.) |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | ५० | १० | १८०००० |
| २ | हलुका सवारी साधन | २० | २० | १४४००० |
| ३ | भारी सवारी साधन | १० | ४० | १४४००० |
| | | | **जम्मा** | **४,६८,०००** |

स्रोतः राजस्व प्रक्षेपण अनुमान ,२०७८

यसरी विभिन्न सवारी साधन जुन यस नगरपालिकामा आउँदछन् सोको तथ्याङ्क अद्यावदीक गरी राजस्व संकलन गरने हो भने करिब रु. ४,६८,००० उठ्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

- यस नगरपालिकाको स्वामीत्वमा रहेका जग्गा सम्बन्धि विवरणहरू अद्यावदिक गर्ने ।
- यस नगरपालिका बाजुरा जिल्लाकै हिमाली ट्रेकिङका लागी ट्रेकिङरुटको रुपमा विकसित भएकोले पार्किङको लागी नगरको स्वामीत्वमा रहेका जग्गाहरूमा पार्किङ्को लागी संरचना तयार गर्ने ।
- नगरपालिकाले पार्किङ् स्थल तथा बस पार्कको आधुनिक तरिकाले व्यवस्थित बनाई पार्किङ शुल्क लिनुपर्ने ।

**(झ). सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयः**

**हालको अवस्थाः** यस नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धि कार्यविधी तयार गरि स्काइभेटर, रोलर, टिृपर, ट्राक्टर र प्रोजेक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधी तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ । यस नगरपालिकाको स्वामीत्वमा रहेका स्काइभेटर, जिप र प्रोजेक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ ।

**सम्भावनाः** नगरपालिकाको स्वामीत्वमा भएका भौतिक सम्पत्तिहरू स्काइभेटर, जिप, र प्रोजेक्टर को बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार स्काइभेटरबाट अनुमानित आय २ लाख, जिपबाट १ लाख र प्रोजेक्टरबाट पचार हजार गरी कुल जम्मा ३ लाख पचास हजार

आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- ✓ नगरपालिकाको स्वामीत्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- ✓ नगरपालिकाको स्वामीत्वमा रहेका मेशिन आदिहरूको मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- ✓ नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधी तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- ✓ कार्यविधीमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।
- ✓ आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**(ञ) अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि)**

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्र भित्र गरिने कुनै पनि आर्थिक कृयाकलाप वा कारोवार गर्न अनुमाति दर्ता वाफत कर लिन सक्दछ । भेडा बाखा पालन र जडिबुटीको संकलन र बिक्रि वितरणबाट हुने आम्दानी नै यस नगरपालिकाका बासिन्दाहरुको लागी मुख्य आम्दानीको स्रोत हो । नगरपालिकाले विगत देखिनै यस क्षेत्र भित्र यार्सागुम्बा तथा अन्य जडिबुटी संकलन गर्न आउने व्यक्ती हरुलाई इजाजत दिए वाफत कर लिंदै आएको छ । आ.व. २०७७-७८ मा  नगरपालिकाले यस शीर्षक मार्फत रू. २०,७५,१४३ आम्दानी गरेको देखिन्छ । नगरपालिकाले राजस्व संकलनको अभिलेख दुरुस्त नराख्दा अन्य शीर्षकमा आम्दानी बाँध्नु पर्ने रकम यस शीर्षकमा हुन आई संकलित रकम धेरै देखिएको हुन सक्दछ ।

**शुल्कको सम्भावना**: यस नगरपालिकाको एउटा प्रमुख आय स्रोतको रुपमा यार्सागुम्बा संकलकबाट अनुमती (ईजाजत) दिए वाफत उठ्ने रकम पनि हो । यस  नगरपालिकामा वार्षिक रुपमा करीब १७०० जना यार्सागुम्बा तथा अन्य जडिबुटी संकलन गर्न आउने अनुमान गर्न सकिन्छ । नगरपालिकाले अनुमानित प्रस्तावित दर रेट अनुसार जडिबुटी संकलन अनुमति मार्फत यस नगरपालिकाले वार्षिक रू ७,२५,००० आम्दानी गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

तालिका १९: अन्य दस्तूर (दर्ता, अनूमति, इजाजत आदि) सम्बन्धी विवरण

| क्र.सं | ईजाजत विवरण | अनुमानित संख्या | शुल्क दर | वार्षिक संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | यार्सागुम्बा संकलन (गा.पा) | ५०० | ३०० | १५०००० |
| २ | यार्सागुम्बा संकलन (छिमेकी गा.पा) | ४०० | ५०० | २००००० |
| ३ | यार्सागुम्बा संकलन (अन्य जिल्ला) | ३०० | १००० | ३००००० |
| ४ | अन्य जडिवुटीको संकलन | ५०० | १५० | ७५००० |
| | | | **जम्मा** | **७२५०००** |

स्रोतः राजस्व प्रक्षेपण अनुमान ,२०७८

**सुधारका पक्षहरू:**

- शीर्षक अनुसार इजाजत दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- इजाजत दिनु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- इजाजत नलिइ जडिबुटी संकलन गर्न नदिने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- वडा कार्यालयहरुको कर संकलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडा कार्यालयहरुलाई नगरपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधि हुने व्यवस्था मिलाउने

**(ट) अन्य सेवा शुल्क :**

**हालको अवस्था:** कार्यालयले लिने टिकट, बोल पत्र फारम बिक्रिको रकम, निवेदन दस्तुर, नो अब्जेक्सन सर्टिफिकेट, व्यवसायीक प्रमाण पत्र जारी आदि रकमहरु यस शीर्षक अन्तर्गत पर्दछ । यस नगरपालिकाको आर्थिक ऐनमा पालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने उल्लेख गरिएको छ । यस अन्तर्गत पालिकाले यस शीर्षक अन्तर्गत आम्दानी गरेको छैन ।

यसैगरी यस नगरपालिका क्षेत्रमा पादुका त्रिवेणी, चन्दननाथ, तलोगोठी देवता, बुढीनन्दा, बडीमालिका मन्दिर, रिगी छहरा, लगायत विभिन्न ताल पोखरीहरू, हिमाली दृष्यहरू देखिने लेक तथा मनोरम डाँडाहरू, हाइ अल्टिच्यूडमा सञ्चालन हुनसक्ने विभिन्न साहसिक खेलकूदहरू, पर्यटकीय पदमार्ग, उच्च पहाडी क्षेत्रमा विकास गर्न सकिने धार्मिक पर्यटकीय स्थलहरू रहेको हुनाले आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षण गरी पर्यटन क्षेत्रको विकासबाट पर्यटन प्रवेश शुल्क प्राप्त गर्न सकिने सम्भावना रहेको देखिन्छ । यस नगरपालिकाको आर्थिक ऐनको दफा १३ तथा अनुसूची १२ मा यस नगरपालिका विभिन्न पर्यटकिय स्थलको प्रवेश शुल्कमा प्रति टिकट ५ प्रतिशतका दरले पर्यटन शुल्क असुलउपर गरिनेछ भन्ने उल्लेख छ ।

**शुल्कको सम्भावना** : यस नगरपालिकाले प्रदान गरेका सेवाहरु (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, पार्किङ शुल्क, नगरपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन् । आगामी आ.व. मा यस शीर्षकमा नगरपालिकाले करीब रु. १०,००० उठाउन सक्ने देखिन्छ ।

पर्यटन प्रवेश शुल्कको सन्दर्भमा नगर प्रोफईल, २०७५ अनुसार यहाँ वार्षिक २८,६५० जना पर्यटन घुम्न आउने उल्लेख छ । प्रती पर्यटक रु ५ को दरले शुल्क लिंदा यस अनुसार नगरपालिकाले वार्षिक रू. १,४३,२५० पर्यटन प्रवेश शुल्क संकलन गर्ने संभावना देखिन्छ । यसै गरी पर्यटनका अन्य पुर्वाधारको विकास गर्न सके यसको संभावना निकै रहेको देखिन्छ ।

यस नगरपालिका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापनको उपयुक्त प्रबन्ध भएको छैन् । जनसंख्याको बृद्धि, बढदो औद्योगिकीकरणका कारण फोहोरमैला निष्काशनमा पनि बृद्धि हुने र त्यसले समग्र पर्यावरणमा पनि असर गर्न सक्ने भएकोले घरबाट निष्काषित हुने कुहिने तथा नकुहिने फोहोरहरु साथै औद्योगिकजन्य फोहोरको व्यवस्थापन गर्न जरुरी देखिएको छ । यस नगरपालिकामा कोल्टी बजार, दानसागु बजार, पाण्डुसैन बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनको लागी ल्याण्डफिल साइट हुन सक्ने संभावना रेहको उल्लेख छ । यी बस्तीबाट प्रती घर धुरी फोहरमैला व्यवस्थापन सुल्क लिंदा रू. १,००,००० राजस्व रकम उठ्न सक्ने संभावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले नगरपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ । यसको लागी सङ्घीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजीक्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ । नगरपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागी पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ । यसैगरी यस स्थानीय तहपालिकाले स्थानीय बासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागी आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधी निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसैगरी यस नगरपालिका शहरोन्मुख नगर भएको हुँदा नगरपालिकाले तुरुन्त फोहरमैला व्यवस्थापनको लागी डम्पिङ साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सक्छ ।

- फोहरमैला व्यवस्थापनको लागी डम्पिङ् साईटको संभाव्य स्थलको खोजी गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- विभिन्न किसिमका सेवा वाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- तथ्याङ्क संकलन तथा रेकर्ड राख्ने प्रकृया व्यवस्थित गर्ने ।
- पर्यटन पूर्वाधारको विकाश गर्ने ।

तालिका २०: नगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

| **क्र. सं.** | **सेवाहरु** | **उपलब्ध गराईएको स्थान वा क्षेत्र** | **इकाई र परिमाण** | **सेवा शुल्कको संभावना (छ/छैन)** | **हालको अवस्था (आय)** |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | छ | | छ | शुल्क लिएको छैन । |
| २ | स्थानीय खानेपानी | छ | | | |
| ३ | बिजुली | - | | | |
| ४ | धारा | - | | | |
| ५ | अतिथि गृह | - | | | |
| ६ | धर्मशाला | छ | | | शुल्क नलिएको |
| ७ | पुस्तकालय | - | | | |
| ८ | सभागृह | - | | | |
| ९ | ढल निकास | छ | | | शुल्क नलिएको |
| १० | सडक बत्ति | छ | | | शुल्क नलिएको |
| ११ | सार्वजनीक शौचालय | छ | | | शुल्क नलिएको |
| १२ | पार्क | - | | | |
| १३ | पौडी पोखरी | - | | | |
| १४ | व्यायामशाला | - | | | |
| १५ | पर्यटकिय स्थल | छ | | | शुल्क नलिएको |
| १६ | हाट बजार | - | | | |
| १७ | पशु बधशाला | - | | | |
| १८ | शवदाह गृह | - | | | |
| १९ | बसपार्क | छ | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | छ | | | |
| २१ | सिफारिश तथा प्रमाणित | छ | | | |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | छ | | | |
| २३ | मूल्यांकन सेवा शुल्क | - | | | |
| २४ | नक्सापास | छ | | | |
| | | | | | |
| | अन्य ................ | | | | |
| | **जम्मा** | | | | |

स्रोत: फिल्ड सर्वेक्षण, २०७८ तथा नगर आर्थिक ऐन,२०७८

समग्रमा यस नगरपालिकामा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा थप स्रोतसाधन परिचालन हुने संभावना रहेकोले आगामी वर्षहरूमा औद्योगिक ग्राम स्थापना गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रम बमोजिम स्थानीय स्तरमा छरिएर रहेका उद्योग व्यवसायहरूलाई एकिकृत रूपमा व्यवस्थित गरी रोजगारीका थप अवसरहरू श्रृजना गर्न सकिने छ। यसबाट दुर्गम क्षेत्रमा रहेका विपन्न महिला, बालबालिका, दलित तथा अन्य सिमान्तकृत समुदायको जीवनस्तर सुधारमा महत्वपूर्ण सहयोग पुग्ने छ।

नगरपालिकाको आर्थिक ऐन हेर्दा एकिकृत सम्पत्ति करको रूपमा मालपोत कर र सम्पत्ति कर लाई लिइ सोहि अनुसार करको दर निर्धारण गरेको देखिन्छ। यस सन्दर्भमा माथि परिच्छेद ३.१ मा उल्लेख भए बमोजिम सम्पत्ति करको लागी घर र घरले चर्चेको जग्गाको मुल्याङ्कन गरी तथा मालपोत कर बाँकी अन्य जग्गामा लगाउन उपयुक्त हुने देखिन्छ। यसैगरी आर्थिक ऐनमा सवारी कर उल्लेख छ। यस सम्बन्धमा नगरपालिको साना सवारी साधनमा (अटो रिक्सा, ई-रिक्सा, टाँगा) मात्र कर लगाउने अधिकार रहेको हुँदा सोही बमोजिम सवारी करको दर निर्धारण गर्नु पर्ने हुन्छ। पर्यटन शुल्कको सम्बन्धमा सो शुल्क लिने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्जलाई भएको हुँदा नगरपालिकाले पर्यटन प्रवेश शुल्क मात्र लगाउन सक्दछ।

प्राय नगरपालिकाको विविध शीर्षकमा रकम धेरै जम्मा भएको देखिदा नगरपालिकाले स्थानीय सरकार संचालन ऐन लगाएत अन्य ऐनको अधिनमा रहि महालेखा नियन्त्रकको कर्यालयले आर्थिक कारोबारको लागी बनाएको **"एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४ (दोस्रो परिमार्जन**)" मा उल्लेख भए अनुसार शीर्षकगत रकम छुट्टाएर राजस्व रकमको तथ्याङ्क संकलन गर्ने परिपाटिको विकास गर्नु पर्ने देखिन्छ।

# परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता र संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त रूपमा व्याख्या गरिएको छ। यसबाट नगरपालिकाको आय संकलनको लागी संस्थागत क्षमतामा सुधारका लागी गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ।

## ४.१ राजस्व परिचालन सम्बन्धि संस्थागत संरचना

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा संकलन गर्ने भूमिका राजस्व प्रशासनको हुन्छ। अधिकांश निकायहरुमा खर्च गर्ने विषय प्राथमिकतामा पर्ने तथा आम्दानी गर्ने विषय ओझेल पर्नाले खर्च आवश्यकता र सोको लागी आवश्यक सम्भाव्य स्रोत पनि नजुट्ने स्थिति सिर्जना हुन जान्छ। यहाँ बुढीनन्दा नगरपालिकाको आन्तरिक राजस्व सम्बन्धी संस्थगत क्षमता विश्लेषण गरिएको छ।

### ४.१.१ राजस्व परामर्श समिति

यस नगरपालिकामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धि परामर्शका लागी सात सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ।

तालिका २१: राजस्व परामर्श समितिको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | सृष्टि रेग्मी | उपमेयर | संयोजक |
| २. | सेर बहादुर बुढा | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | नन्द लाल कार्की | वडा अध्यक्ष | सदस्य |
| ४. | अम्बिका बोहरा | कार्यपालिका सदस्य | सदस्य |
| ५. | दयाराम पाण्डे | उद्योग वाणिज्य सङ्घ | सदस्य |
| ६. | प्रतिनीधि धरेलु तथा साना उद्योग | बजुरा | सदस्य |
| ७. | सुशिला बिष्ट | प्रसासन सहायक | सदस्य सचिव |

स्रोत: फिल्ड सर्वेक्षण ,२०७८

यस समितिले राजस्व सम्बन्धि नीति तथा कानूनको तर्जुमा गर्ने, संशोधन तथा परिमार्जन गर्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नयाँ दरका लागी नगरपालिकामा परामर्श दिने जस्ता कार्यहरू गर्दै आएको छ। यस राजस्व परामर्स समितिको बैठक वर्षमा ५ पटक बस्ने गरेको छ।

### ४.१.२ नगरपालिकाको राजस्व प्रशासन:

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन छैन । अतः यसमा स्थायी दरबन्दी नरहेकोले प्राविधिकहरूले बिशेष गरी सहायक चौथोहरूले काम गरिरहेका छन् । राजस्वमा काम गर्न कम्प्युटर लगायत भौतिक साधनहरुको व्यवस्था गरिएको छ। राजस्व प्रशासनमा कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता छ। यसै गरी फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु- टेबल-१, कुर्सी-२, प्रिन्टर-१, ल्यापटप-१, डेक्सटप-१ छ । राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयरको रुपमा **स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA)** को प्रयोग गर्ने गरिएको छ । कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग छैन । साधारण रसिद प्रयोग गर्ने गरिएको छ ।

तालिका २२: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | सुशिला बिष्ट | प्रसासन सहायक | (राजस्व हेर्ने) |
| २. | | | |
| ३. | | | |

स्रोतः फिल्ड सर्वेक्षण ,२०७८

नगरपालिकाको चालु बजेट मार्फत पनि राजस्व प्रशासनलाई अझ बढी प्रभावकारी बनाउने निति लिइएको छ । यसका लागी जनशक्ति व्यवस्थापन राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्बन्धि कार्ययोजना तर्जुमा करदताहरूको पहिचान, कर तथा गैरकरका स्रोतहरूको पहिचान गरी करको दायरा बढाउने, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक गर्ने जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ । वडास्तरमा कार्यरत कर्मचारीहरूलाई प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्यमा परिचालन गर्नुका साथै कम्प्युटर सफ्टवेयरसहित भौतिक पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ। नगरपालिका तथा वडास्तरमा कार्यरत राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई राजस्व परिचालन सम्बन्धि अभिमुखीकरण तालिम महत्वपूर्ण हुने देखिन्छ ।

## ४.२ राजस्व परिचालन सम्बन्धि नीति

यस नगरपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिएका नीतिहरू निम्न बमोजिम छन्:

- आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिनेछ ।
- राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व बृद्धि गर्ने नीति लिइनेछ। नगरपालिकाको राजस्व सुधार कार्य योजना तयार गरी लागु गरिनेछ ।

- नगरपालिका भित्र संचालनमा रहेका सवारी साधन तथा अन्य साधनहरुको दर्ता प्रक्रिया अगाडी बढाई राजस्व बृद्धी गरिने छ ।
- आन्तरिक आयमा बृद्धि गर्नको लागी व्यवसाय कर, प्राकृतिक स्रोत उपयोग कर लगायतका अन्य कर असुगलमा विशेष जोड दिइनेछ ।
- राजस्व संकलन तथा करदाताको अभिलेख व्यवस्थित बनाईनेछ साथै उत्कृष्ठ करदाताको सम्मान गरिने निती लिंदै कर निति वातावरण व्यवस्था मिलाईनेछ ।
- नरपालिकाले लिउदै आएको राजस्व दरमा समायानुकुल समायोजन गरिनेछ ।
- राजस्व संकलन गराउन राजस्व सचेतना अभियान सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका उत्कृष्ट करदातालाई पुरस्कृत गर्दै आन्तरिक आय प्रवर्द्धनका कार्यक्रमहरु लागु गरिनेछ । महिला, विपन्न तथा सीमान्तकृत समुदायलाई करमा छुट तथा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- यस नगरपालिकाले कर प्रणालीलाई सवल, सक्षम र प्रभावकारी तुल्याउन करको दायरा आवद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, सम्पत्ति कर, भूमिकर ( मालपोत), नक्सा पास असुलीका लागी कडा नीति अवलम्बन गरिने र घर बहाल करलाई स्वयम् घोषणाको नीति अवलम्बन गर्दै स्थानीय तहको आन्तरिक आम्दानी बृद्धि गरिनेछ ।
- नगरपालिकाको राजस्व परामर्श समिति, राजस्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
- नगरपालिकाको राजस्व अभिबृद्धिमा टेवा पुर्‍याउन स्थानीय उद्योगी, व्यापारी (उद्योग वाणिज्य सङ्घ) सँग समन्वय गरिनेछ ।

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागी सुझावहरु** |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छैन | संगठन संरचनामा राख्नु पर्ने |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | प्रसासन सहायक | दरबन्दि थप गर्नु पर्ने |
| राजस्व शाखाले गर्ने कामका लागी कार्यविवरण छ की छैन? | छ | |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | स्थान- छ कम्प्युटर आदि छ । | टेलिफोन तथा यातायातको साधन छैन |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| | | मसलन्द पनि पर्यात छैन। |
| सूचना प्रविधीको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छैन। | सफ्टवेयरको आवश्यकता |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागी के गरिएको छ ? | केही गरिएको छैन। | समय समय मा क्षमता विकास तालिम को व्यवस्था गर्नु पर्ने। |
| राजस्व परिचालनका लागी वडा लाई दिईएको जिम्मेवारी के छ ? | व्यक्तिगत घटना दर्ता | थप राजस्व संकलन गर्ने व्यवस्था गर्नु पर्ने। |
| ख) राजस्व प्रशासन संचालनको अवस्था | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | करदाता संख्या स्पष्ट छैन, अभिलेख व्यवस्थित छैन। | सफ्टवेयरको आवश्यकता |
| गाउँ/नगरपालिकाको स्वामीत्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | विवरण अद्यावदिक छ। प्रयोगमै छन्। | थप संरचनालाई व्यवस्थितगरी परीचालन गर्नू पर्ने। |
| कर निर्धारणको लागी सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ?मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | करदाता हरुको अभिलेख राखि समय सापेक्ष बनाउने |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागी कस्तो नीति लिईएको छ ? | ▪ समयमै रकम दाखिला नहुने<br>▪ व्यवसाय कर समयमै नतिर्ने<br>▪ कतिपय दायरामा लिन नसकिएको | |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ? | छ | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| | | व्यवस्था गर्नु पर्ने । |
| समयमा तिर्नेलाई छुट र ढिलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | कार्यपालिकाको निर्णय अनुसार | |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | बजेट बकतब्य सुचना टाँस | स्थानीय रेडियो, पत्रपत्रिका तथा थप सुचना प्रणालीको व्यवस्थापन गर्ने। |
| गाँउ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | व्यवस्था छ । कार्यालय प्रमुख समक्ष निवेदन । | जनचेतना गर्नुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | परामर्श समितिले हेर्ने कार्यालय प्रमुखले हेर्ने | प्रभावकारी अनुगमनको व्यवस्था गर्ने । |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | |
| ग) सूचना तथा समन्वयको अवस्था | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ?<br>(शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | बजेट बकतब्य सुचना टाँस | सबैको पहुँच हुने ठाउँमा होडिङ बोर्ड राख्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | उद्योग वाणिज्य सङ्घ, घरेलु | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | आ.व.२०७७/७८ मा तीन (३) वटा बैठक | बैठक नियमित हुनु पर्ने |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | ठिकै छ । | जन चेतना फैलाउने |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | राम्रो नै छ । | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | ठिकै छ । | |
| गाउँ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | छ । समन्वय समिति सार्वजनिक सुनुवाई | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने | छ | वेरुजु सम्परिक्षण |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | | लाई थप प्रभाबकारी बनाउनुपर्ने |

स्रोतः फिल्ड सर्वेक्षण ,२०७८ तथा नगर आर्थिक ऐन,२०७८

स्थानीय जनता जगरुक नहुँदा वा जानकार नहुँदा सबै करदाता हरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ । यसका लागी ब्यापक मात्रमा जनचेतना तथा प्रचारप्रसार को कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन:

नगरपालिकाको विगतका वर्षहरूको आयको यथार्थ विवरणहरू र चालु आ.व. को राजस्वका प्रस्तावित तथ्याङ्कलाई तालिका १९ मा प्रस्तुत गरिएको छ। आ.व. २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को आयको अध्ययन गर्दा उक्त वर्षहरूमा नगरपालिकाको आयका प्रमुख स्रोतहरू घरबहाल, दर्ता, सिफारिश, नवीकरण,प्रशासनिक दण्ड, जरीवाना शुल्क आदीमा आधारित भएको देखिन्छ ।

तालिका २३: बिगतको आन्तरिक आय संकलनको अवस्था

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६।७७ | २०७७।७८ |
|---|---|---|---|
| | | यथार्थ | यथार्थ |
| ११३२१ | घर बहाल कर | १६०००० | २३५८८१ |
| १४२४३ | सिफारिश दस्तुर | ० | ५८६६२ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ११५० |
| १४२४९ | अन्य दस्तुर | ० | २०७५१४३ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १२१००० | १०८३५० |
| | जम्मा | २८१००० | २४७९१८६ |

स्रोतः फिल्ड सर्वेक्षण तथा वार्षिक निती तथा कार्यक्रम पुस्तिका, २०७८

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानूनले प्रदान गरेका वित्तीय अधिकार अनुसार राजस्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयासको जरुरत पर्दछ । नगरपालिकासँग सम्बन्धित यस्ता केही महत्वपूर्ण सवालहरू छन् जुन प्रभावकारी राजस्व परिचालनका लागी नगरपालिकाले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

तालिका २४: राजस्व परिचालनको वर्तमान अवस्था

| क्र. सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | संकलन भएको/नभए को | दर निर्धारण भएको/नभए को |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | रु. २,६२,६२० संकलन गर्न सक्ने | छ | भएको |
| | सम्पत्ति कर | रु. १२,६०,१५० संकलन हुन सक्ने | छ | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | - | |
| | घर जग्गा बहाल कर | रु. ४,०८,००० उठ्न सक्ने सम्भावना | छ | भएको |
| | व्यवसाय कर | रु. ५,०२,५०० संकलन हुने संभावना | छ | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | रु. २,७०,००० संकलन हुने संभावना | छ | भएको |
| | विज्ञापन कर | रु.७८,००० संकलन हुने संभावना | छ | नभएको |
| | मनोरन्जन कर | सम्भावना भएको | छ | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | रु. १०००००० उठाउन सकिने | छ | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिकी | सम्भावना भएको | छैन | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिकी वापतको आय | रु २,७०,००० संकलन हुन सक्ने | छ | नभएको |
| | नक्सापास दस्तुर | रु. ७,००,००० आम्दानी हुने सम्भावना | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | रु. ७९,७५० सम्म संकलन गर्न सक्ने | छ | भएको |
| | बहाल विटौरी शुल्क | रु. २,५०,००० उठाउन सकिने | छ | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | पार्किङ्ग शुल्क | रु. ४,६८,००० उठाउन सकिने | छ | नभएको |
| | अस्पताल संचालन | सम्भावना भएको | छैन | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना भएको | छैन | नभएको |
| | स्थानीय खानेपानी महसुल | सम्भावना भएको | | |
| | स्थानीय विद्युत महसुल | सम्भावना भएको | | |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | सम्भावना भएको | छैन | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क ( खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | सम्भावना भएको | छैन | नभएको |
| | मूल्यांकन सेवा शुल्क | उठाउन सकिने | छ | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको | सम्भावना भएको | छ | भएको |

| क्र. सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | संकलन भएको/नभए को | दर निर्धारण भएको/नभए को |
|---|---|---|---|---|
| | निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | | | |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | संम्भावना नभएको | छ | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | रु ३,५७,५०० उठाउन सकिने | छ | भएको |
| | दण्ड जरिवाना | संभावना भएको | छ | भएको |
| | सहकारी दर्ता र नवीकरण | संभावना भएको | छैन | नभएको |
| | सामाजिक संस्था दर्ता र नवीकरण | संभावना भएको | छैन | नभएको |
| | सामुदायिक वनको आम्दानी | संभावना भएको | छ | भएको |

स्रोत: फिल्ड सर्वेक्षण, २०७८ तथा नगर आर्थिक ऐन,२०७८

### (क) राजस्व प्रशासनका लागी उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

यस नगरपालिकामा राजस्व सम्बन्धि कार्यका लागी कम्प्युटर अपरेटर तथा सहायक चौथो पदका कर्मचारीहरूलाई जिम्मेवारी दिइएको भएतापनि छुट्टै राजस्व शाखाको व्यवस्था भएको देखिँदैन । कर्मचारीहरूको विद्यमान अवस्थाबाट कार्यबोझका आधारमा विभिन्न शाखा, उपशाखा तथा इकाइहरूको लागी आवश्यक कर्मचारीहरूको व्यवस्था गरी क्षमता अभिबृद्धि सम्बन्धि तालिमको अवसर उपलब्ध गरउनु पर्ने देखिन्छ ।

### (ख) तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरण प्रणालीको विकास

नगरपालिकामा विभिन्न सम्पत्ति कर, भूमिकर, व्यवसाय कर तथा अन्य कर, शुल्क तथा दस्तुर बुझाउने करदाताहरूको संस्थाको यकिन तथ्याङ्क उपलब्ध नभएको हुँदा सबै किसिमका करदाताहरूको विवरण संकलन गरी नियमित अद्यावधीकरणको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसले करदाताहरूको यथार्थ विवरण, करको दर तथा राजस्वको संभावित परिमाण अनुमान गर्न आधार प्रदान गर्दछ । आगामी वर्षहरूको लागी राजस्व नीति तर्जुमा, राजस्वको प्रक्षेपण, राजस्व असुलीको अनुगमन प्रभावकारी गराउनका लागी तथ्याङ्क संकलन तथा नियमित अद्यावधिकरण हुनु आवश्यक

देखिन्छ ।

### (ग) आन्तरिक आय परिचालन नीति तथा कार्यविधी निर्माणः

नगरपालिकामा विभिन्न करका शीर्षकहरूबाट संकलन गरिने आय, संकलन गर्ने तरिका, करको दर निर्धारण, नगद दाखिला सम्बन्धि व्यवस्था, अनुगमन जस्ता कार्यसञ्चालन सम्बन्धि आवश्यक नीति तथा कार्यविधी निर्माण गर्नुपर्दछ ।

### (घ) संभाब्य राजस्व स्रोतका आधारहरूको विश्लेषणः

यस नगरपालिकाको आर्थिक विकासका आधारहरू तथा संभाब्य क्षेत्रहरू कृषि, पशुपालन, पर्यटन, जडीबुटी संकलन, साना तथा घरेलु उद्योग लगायतका क्षेत्रमा नगरपालिकाले लगानी बृद्धि गर्नुपर्दछ । यसबाट आर्थिक गतिविधीमा व्यवसायिकता, आयआर्जनमा बृद्धि, स्थानीय कच्चा पदार्थहरूको उत्पादन, संकलन, प्रशोधन, बजारीकरण र रोजगारी सिर्जनामा योगदान पुग्दछ । उद्यमशीलताको विकासले उत्पादनको साथसाथै आम्दानीमा बृद्धि गर्ने हुँदा कर तिर्न क्षमतामा सुधार भई नगरपालिकाको राजस्व बृद्धिमा सहयोग पुग्नेछ ।

### (ङ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

संविधान तथा कानूनको प्रावधान बमोजिम नगरपालिकाको राजस्व संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नुपर्दछ । राजस्व प्रशासनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुका साथै यसको प्रक्रिया पारदर्शी र नागरिकप्रति जवाफदेही हुनुपर्दछ । नगरपालिकाको आयव्ययको विवरण आवधिक रूपमा प्रकाशन गर्नु, संकलित राजस्व सार्वजनिक गर्नु पारदर्शीता अभिबृद्धिका उपयुक्त विधि हुन सक्दछन् । स्थानीय सञ्चार माध्यमहरूको प्रयोग गरी कर तथा गैंर कर सम्बन्धमा सचेतना अभिबृद्धि गर्न सकिएमा राजस्व संकलनमा जनताको सहयोग प्राप्त हुन सक्छ ।

### (च) समन्वय संयन्त्र निर्माण

नगरपालिकामा राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुर दर निर्धारण, राजस्व संकलन विधि निर्धारण, असुल गरिएको राजस्वको बाँडफाँड तथा रकम दाखिला जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय आवश्यक हुन्छ । राजस्व बाँडफाँड सम्बन्धमा सङ्घ, प्रदेश र नगरपालिकासँग समन्वय गर्न एक समन्वय संयन्त्रको निर्माण गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना

प्राथमिक तथा द्वितीय स्रोतहरूबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरी तयार पारिएको यस नगरपालिकाको राजस्व सुधार परियोजना यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजनाहरू यस प्रकार रहेका छन्:

तालिका २५: राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने। | १. नगरपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरू तर्जुमा गरी तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गर्दै अझ बढी व्यवहारिक बनाउँदै लगिनेछ।<br>२. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आवद्ध गराउँदै निजी क्षेत्रबाट थप लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>३. कर, शुल्क, सेवा शुल्कको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरूसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गर्दै लगिनेछ।<br>४. जनताको कर तिर्ने क्षमताका आधारमा कर नीतिलाई विवेक सम्मत र प्रगतिशील बनाइने छ।<br>५. थप राजस्वका स्रोतको सम्भाव्यता अध्ययन गरी सम्भाव्य थप स्रोत पहिचानका साथै वर्तमान राजस्व स्रोतको दायरा बृद्धि गर्न यसको वास्तविक तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रूपमा करदाताहरूको संख्या बढाउँदै लगिनेछ।<br>६. सम्पत्ति मूल्यांकन सम्बन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ।<br>७. आन्तरिक राजस्वका विभिन्न स्रोतहरूबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरूको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरू बनाई वडागत रुपमा परिचालन गरिनेछ। करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ।<br>८. नगरपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरूको विकास गरिनेछ। यसका लागी नगरपालिकामा रहेका ऐतिहासिक धरोहर तथा प्राकृतिक सम्पदाको संरक्षण तथा विकासका |

| रणनीति | कार्यनीति |
|---|---|
| | लागी निजी क्षेत्रसँग साझेदारीको समेत पहल गरिनेछ। |
| | ९. पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा छिमेकी नगरपालिका, निजी क्षेत्र र करदता लगायतका अन्य सरोकारवालासँग समेत छलफल तथा सहकार्य गरिनेछ।<br>१०. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ र कर नतिर्ने तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ। |
| २. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने | १. नगरपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरूलाई प्रभावकारी कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमताबृद्धि गरिनेछ।<br>२. नगरपालिकाको राजस्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिनेछ।<br>३. राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरूको क्षमता अभिबृद्धि गरिनेछ र वडास्तरमा कर असूली गर्ने व्यवस्था मिलाईने छ।<br>४. राजस्व शाखाका लागी आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध गरिनेछ। स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ। यसका लागी स्थानीय सञ्चार माध्यमहरूको समेत उपयोग गरिनेछ।<br>५. प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिनेछ।<br>६. राजस्व लेखापाललाई कम्प्यूटरकृत गरिनेछ र विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटबारी बनाइने छ।<br>७. प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्ने गरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिने छ। |
| ३. राजस्व प्रणालीलाई सरल, सहज, करदाता मैत्री पारदर्शी, र समावेशी बनाउने। | १. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरूमा नागरिकहरूको पहुँच बढाइनेछ। कर/राजस्व सूचना जानकारी अर्ध वार्षिक एवं वार्षिक प्रतिवेदन नगरपालिका वेभसाईटमा राखिने छ। साथै यस्तो सूचनाहरू नगरपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाईने छ।<br>२. दलित महिला, अपाँगता भएका व्यक्ति, गरिब तथा कमजोर |

| रणनीति | कार्यनीति |
|---|---|
| | आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरूलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>३. कर संकलन प्रक्रियालाई सहज र पारदर्शी बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ । |
| ४.समन्वय र सहकार्यको अभिबृद्धि गरिने छ । | १. पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, बिक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य नगरपालिका तथा गाउँपालिकासँग समेत समन्वय तथा सहकार्य गरिनेछ ।<br>२. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागी सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय गरिनेछ ।<br>३. कर संकलनमा सम्भव भएसम्म निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>४. राजस्वसँग सम्बन्धित विषयमा छिमेकी स्थानीय तहहरू सँग समन्वय बैठक आयोजना गरी राजस्व संकलनका सवालहरूबारे छलफल तथा समन्वय गरिनेछ ।<br>५. राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको अन्तरक्रिया सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

### ५.१.१ राजस्व सुधार कार्ययोजना

नगरपालिकाको सूचना तथा तथ्यांक अध्ययन र नगरपालिकासँगको छलफलका आधारमा तयार गरिएको यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना यसप्रकार रहेको छः

तालिका २६: राजस्व सूधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | |
| सम्पत्ति कर | ▪ सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधी तयार गर्ने तथा न्यूनतम दर रु. ५० कायम गर्ने<br>▪ मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकनको आधार तयार गरी सम्पत्ति करको दर निर्धारण गर्ने,<br>▪ आफ्नो सम्पत्ति मूल्यांकनमा चित्त | २०७९ असार मसान्तसम्म | ● राजस्व परामर्श समिति<br>● नगरपालिका<br>● नगरसभा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | नबुझ्ने करदाताले उजुरी दिने र यसको छिनोफानो गर्न नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने | | |
| व्यवसाय कर | ▪ नगरपालिकाका सबै वडाका व्यवसायीहरूलाई व्यवसाय दर्ताका लागी सूचना जारी गर्ने | २०७९ असार मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत र वडा कार्यालयहरू |
| | ▪ व्यवसायीहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | नियमित | • नगरकार्यपालिका |
| | ▪ व्यवसायको वर्गिकरण र क्षेत्र निर्धारण गर्ने | | |
| पूर्वाधार उपयोग शुल्क | ▪ पूर्वाधार उपयोग महशुल दर निर्धारण गर्ने र उपयुक्त तवरले शुल्क उठाउने<br>▪ साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने | २०७९ असार मसान्तसम्म | • नगरसभा<br>• नगरपालिका |
| घर जग्गा बहाल कर | ▪ घरधनीहरूको विवरण संकलन गर्ने ।<br>▪ घरधनीहरूसँग अन्तरर्क्रिया गरी घरबहाल कर स्वघोषणा गर्न लगाउने<br>▪ घरजग्गा बहाल कर संकलनलाई निरन्तरता दिने र करदाताको database तयार गर्ने | २०७९ पौष मसान्तसम्म | • राजस्व परामर्श समिति<br>• राजस्व शाखा |
| बहाल विटौरी शुल्क | ▪ सार्वजनिक जग्गाहरूको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने<br>▪ बहाल बिटौरी कर असुल गर्ने | २०७९ पौष मसान्तसम्म | • नगर कार्यपालिका<br>• राजस्व परामर्श समिति |
| | ▪ सार्वजनिक जग्गाहरूमा बसपार्क, कृषि हाटबजार, संकलन केन्द्र, शौचालय निर्माण गरी बहालमा | आ.व. २०७९/०८० देखि | • नगर कार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | लगाउने | | |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ▪ महिला पुरुष छुट्टिने गरी घरजग्गा स्वामीत्वको अभिलेख राख्ने<br>▪ प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/मालपोत कार्यालयबाट प्राप्त गर्ने | २०७९ श्रावण | ● नगर कार्यपालिका |
| प्राकृतिक स्रोत बिक्रि | ▪ जडिबुटीको पहिचान तथा उपादेयताबारे पदाधिकारी तथा राजस्व कर्मचारीहरूलाई तालिम प्रदान गर्ने<br>▪ प्राकृतिक स्रोतहरूको बिक्री मूल्य निर्धारण गरी संकलन गर्ने | २०७९ असार मसान्तसम्म | ● नगरपालिका र सम्बन्धित शाखा |
| प्राकृतिक स्रोत तथा कृषि उपजको व्यवसायिक उपयोग | ▪ व्यवसायिक उपयोग हुने परिमाण निर्धारण गर्ने<br>▪ जडीबुटी र जिवजन्तु कर-व्यवस्थापन कार्यविधी निर्धारण गर्ने<br>▪ करको दर निर्धारण गर्ने<br>▪ कृषि उपजको संकलन केन्द्र तथा पशु हाटहरू स्थापना गर्ने<br>▪ कृषि सहकारी संस्थाहरूलाई सुदृढीकरण गर्ने | २०७९ असार मसान्तसम्म | ● नगरपालिका र राजस्व शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ▪ नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई संचालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।<br>▪ वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने | २०७९ चैत्र मसान्त | ● नगरपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | ▪ घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन गरी अभिलेख अद्यावधिक गर्ने | २०७९ असार मसान्तसम्म | ● वडा कार्यालय |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| पर्यटन सेवा शुल्क | ■ पर्यटकीय स्थलहरूमा प्रवेश व्यवस्थित गर्ने<br>■ पर्यटकीय सेवाहरूको व्यवस्थापन गरी शुल्क लगाउने | २०७९ असार मसान्तसम्म | ● नगर कार्यपालिका, याजना शाखा |
| नक्सा पास दस्तुर | ■ प्राविधीक जनशक्तिको क्षमता विकास गर्ने<br>■ नक्सापास तथा अभिलेखन कार्य गर्ने । | निरन्तर | ● प्रमुख प्रशासकीय अधिकृत र प्राविधीक शाखा |
| पानी मुहान दर्ता गर्ने | ■ पानी मुहान दर्ता गर्ने बारे सरोकारवालाहरूलाई जानकारी गराउने | २०७९ असार मसान्तसम्म | ● वडा कार्यालय |
| सामुदायिक वन | ■ सामुदायिक वनहरूबाट उत्पादन हुने/प्राप्त हुने वस्तुहरूको पहिचान गरी तथ्याङ्क संकलन गर्ने | २०७९ श्रावण मसान्तदेखि | |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | ■ सडकहरूको स्तरोन्नति तथा कालोपत्रे गर्ने<br>■ होमस्टेहरूको स्तरोन्नति र बिस्तार गर्ने<br>■ बसपार्क, ढल निकास तथा प्रशोधन आदि पूर्वाधारहरूको विकास गर्ने | २०७९ श्रावण देखि | ● नगरपालिका र प्राविधीक शाखा |
| धार्मिक तथा पर्यटकीय स्थल, पार्क निर्माण तथा विकास, संरक्षण र प्रवर्द्धन | ■ नगरपालिकामा रहेका थप धार्मिक तथा पर्यटकीय स्थलहरूको क्रमशः प्रवर्द्धनका लागी पर्यटकीय प्याकेजको कार्यक्रम सञ्चालन गर्ने | आ.व. २०७९/८० | ● नगर कार्यपालिका, निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन** | | | |
| मानवीय क्षमता विकास | ■ राजस्व शाखाको दरबन्दी अनुरुप जनशक्ति व्यवस्थापन गरी राजस्व संकलनमा शाखालाई जिम्मेवार बनाउने<br>■ नगरपालिकाका राजस्व अधिकारका क्षेत्रमा नगर कार्यपालिकाका | नियमित | ● नगरपालिका |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने<br>▪ नगरपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई कर तथा राजस्व प्रशासन, अभिलेखन र सफ्टवेयर बारे तालिम प्रदान गर्ने<br>▪ व्यवसायीहरूलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>▪ करदाता प्रोत्साहन तथा दण्डको व्यवस्था लागु गर्ने | | |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | ▪ सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल बिटौरी कर, घर बहाल कर) करदाताहरूको तथ्याङ्क, सूचना संकलन गरी करदाताको व्यक्तिगत फाईल तयार गर्ने<br>▪ महशुल योग्य पूर्वाधारहरू ( सडक, खानेपानी, बसपार्क आदि) को अभिलेख तयार गर्ने | २०७९ श्रावण देखि | • वडा कार्यालय, राजस्व शाखा, प्राविधीक शाखा |
| राजस्व संकलन तथा अभिलेख | ▪ राजस्व अभिलेख सम्बन्धी एकीकृत (अनलाईन) सफ्टवेयर तयार पार्ने<br>▪ करदाताको विवरण सबै वडा तथा नगरपालिकाका कार्यालयको सोही सफ्ट्वेयरमा इन्ट्री गर्ने<br>▪ राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने<br>▪ राजस्व संकलन अभियान सञ्चालन गर्ने | नियमित | • नगर कार्यपालिका र वडा कार्यालयहरू |
| सूचना तथा पारदर्शिता | ▪ स्थानीय सञ्चार माध्यमबाट राजस्व शिक्षा तथा करदाताहरूलाई कर तिर्न प्रोत्साहित गर्ने सम्वन्धी सूचना | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरू |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | सम्प्रेषण गर्ने ।<br>▪ नगरपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने<br>▪ राजस्व संकलनको विवरण अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने | | |
| अनुगमन | ▪ छुटेका करदातालाई करको दायरामा ल्याउन अनुगमनलाई नियमित गर्ने<br>▪ कर चुहावट नियन्त्रण गर्ने | नियमित | • कार्यपालिका तथा वडा कार्यालयहरू |
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | ▪ कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्य सम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने<br>▪ करदातालाई सम्मान (बढी कर तिर्ने, सुरुमा कर तिर्ने आदिलाई) गर्ने परिपाटी विकास गर्ने | वार्षिक रुपमा (नगर सभा गर्ने दिनमा) | • नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| राजस्व प्रशासनको प्रभावकारिताका लागी बन्दोवस्ती | ▪ नगरपालिकामा राजस्व शाखाको लागी कार्यकक्ष, कम्प्यूटर, प्रिन्टर, विद्युत ब्याकअप सहितको सुविधा उपलब्ध गराउने<br>▪ राजस्व सम्बन्धि हेल्पडेस्कको स्थापना गर्ने<br>▪ राजस्व संकलन सम्बन्धि ठेक्का पट्टाका लागी टेण्डर आह्वान गर्ने | २०७९ चैत्र मसान्तसम्म | • नगर कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| विज्ञापन कर | ▪ विज्ञापन करको आधार, दायरा र दर निर्धारण गर्ने | २०७९ असार मसान्तसम्म | नगरपालिका |

# परिच्छेद छः अपेक्षित आय

मूलतः बिगत तीन वर्षको आय तथा नगरपालिकाको राजस्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा नगरपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक राजस्वमा चालु आ.व.को अनुमान रु २५ लाख रहेकोमा कार्ययोजनाको अन्तिम वर्षमा ७९ लाख १६ हजार अर्थात् ३ गुणा बढोत्तरी हुने अपेक्षा गरिएको छ। यस नगरपालिकामा आन्तरिक राजस्वका स्रोतहरू मध्ये अन्य सेवा शुल्कको परिमाण सबैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजस्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ।

यस नगरपालिकाको प्रक्षेपित आन्तरिक आय र सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुन सक्ने आय समेत गरी कूल आय संक्षेपमा देहायको तालिका बमोजिम हुने अपेक्षा गर्न सकिन्छ।

तालिका २७: नगरपालिकाको अपेक्षित आय संक्षेपमा

| राजस्व शीर्षक | यथार्थ | यथार्थ | अनुमानित | प्रक्षेपित आय | | |
|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| आन्तरिक आय | २८१००० | २४७९१८६ | २५००००० | ६१२४२९१ | ६९६११४५.९ | ७९१६३३८.९१ |
| सङ्घीय राजस्व बाँडफाँडबाट प्राप्त आय | ४९९२१०००.०० | ६२६०६११९.९० | ७७३८८०००.०० | ८१४०१६५०.०० | ८५४८७७३२.५० | ८५७१८४३६.६३ |
| प्रदेशबाट एकल कर प्रशासन अन्तर्गतको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय | ९७४०००.०० | १३६६६२२.८८ | ५४९७०००.०० | ५७७१८५०.०० | ६०६०४४२.५० | ६०७४८७२.१३ |
| अनुदान (सङ्घ तथा प्रदेश) | २९५८५६०००.०० | ३७७२९१८१०.०० | ३७५४३७०००.०० | ३९४२०८८५०.०० | ४१३९१९२९२.५० | ४३४६१५२५७.१३ |
| लागत सहभागिता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | ३४७०३२०००.०० | ४४३७४३७३८.७८ | ४६०८२२०००.०० | ४८७५०६६४१.०० | ५१२४२८६१३.४० | ५३४३२४९०४.७९ |
| **कुल आयमा आन्तरिक आयको हिस्सा (प्रतिशतमा)** | **०.०८** | **०.५६** | **०.५४** | **१.२६** | **१.३६** | **१.४८** |

स्रोतः फिल्ड सर्वेक्षण तथा वार्षिक निती तथा कार्यक्रम पुस्तिका, २०७८

यसरी यस नगरपालिकाले यस कार्ययोजनाको अन्तिम आ.व. मा आफ्नो कुल आय मध्ये आन्तरिक राजस्वको हिस्सा चालु आ.व. का अनुमानको अनुपात ०.०८% मा बृद्धि भई १.४८% हुने अपेक्षा गरिएको छ।

नगरपालिकासँग भएका स्रोत साधन परिचालनमा जोड दिएर स्थानीय विकासका लागी उल्लेख्य स्रोत स्थानीयतस्तरबाट जुटाउँदै अगाडि बढ्ने दिशामा प्रस्तुत कार्ययोजना महत्वपूर्ण साधन हुन सक्दछ। नगरपालिकाको वार्षिक योजना तर्जुमाका लागी आन्तरिक स्रोत अनुमान गर्ने मार्गदर्शकका

रुपमा यसले सहयोग पुग्ने अपेक्षा पनि लिन सकिन्छ ।

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक राजस्वमा चालु आ.व.को अनुमान करीब रु २५ लाख रहेकोमा कार्ययोजनाको अन्तिम वर्षमा करीब ७९ लाख अर्थात् ३ गुणा बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस नगरपालिकामा आन्तरिक राजस्वका स्रोतहरू मध्ये अन्य सेवा शुल्कको परिमाण सबैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजस्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनपश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/०८० देखि २०८१/०८२) को लागी आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरै जसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको बृद्धिदरलाई आधार मानिएको छ ।

तालिका २८: आगामी आ.व.हरुका लागी राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| क. | आन्तरिक आय तर्फ | | |
| ११३१३ | सम्पत्ति कर | १२६०.१ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | २६२.६ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ४०८ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल विटौरी शुल्क | २५० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११४५१ | साना सवारी साधनमा कर ( सवारी दर्ता, वार्षिक सवारी कर) | | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| ११४७२ | विज्ञापन कर | ७८ | आ.व. २०७९/८० मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | २०४.५ | आ.व. २०७९/८० मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर (जडिबुटी तथा कवाडी कर) | २७० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| | सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय | २७० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३५० | आ.व. २०७९/८० मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जान |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | १००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | | अनुमान नगरिएको |
| १४२२१ | न्यायिक दस्तुर | | अनुमान नगरिएको |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | अनुमान नगरिएको |
| १४२२४ | परिक्षा शुल्क | | अनुमान नगरिएको |
| १४२४१ | पार्किङ्ग शुल्क | ४६८ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ७०० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिस दस्तुर | ३५७.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क | ७९.७ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | अनुमान नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ७२५ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५० | आ.व.२०७९/८० मा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २०० | अनुमान नगरिएको |
| १४५२९ | अन्य राजस्व | | आ.व. २०७९/८० मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | ५०२.५ | आ.व. २०७९/८० मा ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जान |
| **ख** | **राजस्व बाँडफाँट** | | |
| **ख.१** | **नेपाल सरकार** | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ३८६८६.५ | गत आ.को प्राप्त रकममा क्रमश: ५ प्रतिशतका दरले बृद्धि हुँद जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ३८६८६.५ | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | १५ | अनुमान नगरिएको |
| **ख.२** | **प्रदेश सकार** | | |
| ११३१५ | बाँडफँड बाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | १६० | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ५४९७ | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | अनुमान नगरिएको |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | |
| **ग.१** | **नेपाल सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | १०८४०० | आ.व. २०७९/८० मा चालु आ.व. रकममा ५ प्रतिशतले बढ्ने र त्यसपछि क्रमश: १० प्रतिशतले बढ्दै जान |
| १३३१२ | ससर्त अनुदान चालु | २१२६११ | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | २०००० | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | |
| १३३१६ | समपुरक अनुदान चालु | ४००० | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमश: ५ प्रतिशतले बढ्दै जाने |
| १३३१८ | अन्य अनुदान चालु<br>(सामाजिक सुरक्षा समेत) | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.२** | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | ६८८७ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | ३५१० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | |
| १३३१४ | विशेष अनुदान चालु | ४३०० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | |
| १३३१६ | समपुरक अनुदान चालु | १४०६१ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |
| **कूल जम्मा** | | | |

स्रोत: फिल्ड सर्वेक्षण तथा वार्षिक निती तथा कार्यक्रम पुस्तिका, २०७८

## ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागी राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । तालिकामा दिए अनुसार नगरपालिकाको आगामी आ.व. मा कुल रु. ४८,७५,०६,६४१.०० जती आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

## तालिका २९: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | | | | | | | | |
| **११०००** | **कर** | | | | | | | | |
| **११३००** | **सम्पत्ति कर** | | | | | | | | |
| **११३१०** | **अचल सम्पत्तिमा लाग्ने कर** | | | | | | | | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१३ | सम्पत्ति कर | | | | | १२६०१५० | १००८१२० | ११५९३३८ | १३३३२३८.७ |
| ११३१४ | भूमी कर (मालपोत) | | | | ५०००० | २६२६२० | २१००९६ | २४१६१०.४ | २७७८५१.९६ |
| ११३१५ | बाँडफाँडबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | | | | | |
| ११३२१ | घर बहाल कर | | १६०००० | २३५८८१ | २५०००० | ४०८००० | ३२६४०० | ३७५३६० | ४३१६६४ |
| ११३२२ | बहाल बिटौरी शुल्क | | | | १७०००० | २५०००० | २००००० | २३०००० | २६४५०० |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | | | | | | |
| ११३५१ | व्यवसाय कर | | | | | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | | | | | |
| **११४१०** | **मुल्य अभिबृद्धि कर** | | | | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ३५०६९००० | ६२६०६११९.९ | ३८६८६५०० | | ४०६२०८२५ | ४२६५१८६६ | ४२७५३४१८ |
| **११४२०** | **अन्तःशुल्क** | | | | | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | १४८५२००० | | ३८६८६५०० | | ४०६२०८२५ | ४२६५१८६६ | ४२७५३४१८ |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | | | | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्क: शैक्षिक संस्था | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन | | | | | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | | | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | | | | | | | | |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | ९७४००० | १३६६६२२.८८ | ५४९७००० | | ५७७१८५० | ६०६०४४२.५ | ६०७४८७२.१ |
| **११४७०** | **मनोरंजन कर** | | | | | | | | |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | ७८००० | ५४६०० | ६५५२० | ७८६२४ |
| ११४७३ | अन्य मनोरंजन कर | | | | | | | | |
| **११६००** | **अन्य कर** | | | | | | | | |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | | | २०४५०० | १४३१५० | १७१७८० | २०६१३६ |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | | | | | |
| **११६९०** | **अन्य कर** | | | | | | | | |
| ११६९१ | अन्य कर (कवाडी कर) | | | | | ५४०००० | ४३२००० | ४९६८०० | ५७१३२० |
| **१३०००** | **अनुदान** | | | | | | | | |
| **१३१००** | **द्धिपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३११०** | **द्धिपक्षीय वैदेशिक चालू अनुदान** | | | | | | | | |
| १३१११ | द्धिपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |
| **१३१२०** | **द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | | | | | | |
| १३१२१ | द्धिपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | | | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |

